# स्वच्छ समृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# इलाम

# १५ औ नगर परिषद्बाट पारित
# आ.ब. ०६८।०६९ का लागि
# नगर विकास योजना

**इलाम नगरपालिकाको कार्यालय**
**इलाम**
फोन नं.: ०२७५२००६०,  ०२७५२००६५, ०२७५२००३१, ०२७५२००३०
फ्याक्स : ०२७ ५२० ०६०
इमेलः **mun.ilam@gmail.com**
**Website: www.ilammun.gov.np**

# १५ औ नगर परिषदबाट पारित इलाम नगरपालिकाको आ.ब. ०६७।०६८ को प्रगति समीक्षा तथा आ.ब. ०६८।०६९ का लागि नीति, कार्यक्रम तथा बजेट

## १. पृष्ठभूमि

इलाम नगरपालिका पूर्वी नेपालको प्रमुख पर्यटकीय गन्तव्यको रूपमा रहेको छ । सङ्घीय राज्यको राजधानीको रूपमा प्रस्तावित यस नगरपालिकामा पूर्वाधार निर्माणलाई प्राथमिकता दिई वातावरण र पर्यटन मैत्री विकासलाइ उच्च प्राथमिकता दिदै आफ्नो कार्यक्रम सम्पादनलाई अगाडि बढाइरहेको छ । यसैले यस क्षेत्रमा पर्यटकीय पूर्वाधारका लागि विमानस्थल, जैविक विविधताले युक्त विभिन्न पर्यटकीय स्थल, सभागृह र शैक्षिक संस्थाहरूको व्यवस्थापनको कार्य तीब्रतर गतिमा भइरहेको छ र नगरमा जनघनत्व बढिरहेको अवस्था विद्यमान छ ।

संविधान सभाको निर्वाचनपश्चात मुलुक दिगो शान्तितर्फ उन्मुख भइरेहको र थप समयावधिभित्रै संविधान निर्माण भई देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुनेछ भन्ने विश्वासका साथ संवाद, सहमति र सहकार्यसहितको एकता र कृयाशीलताबाट आदरणीय नेतृत्ववर्गहरू, नागरिक समाज, बुद्धिजीवी, पेशाकर्मी लगायत सबैमा शान्ति, विकास र लोकतन्त्रप्रति समर्पित हुने वातावरण मिलोस भनी कामना गर्दछु ।

पर्यटन, शिक्षा र व्यावसायिक कृषिको माध्यमबाट नेपाल भरि नै ख्याति आर्जन गरेको यस सुन्दर इलाम नगरको १५ औ नगर परिषदबाट पारित आ.ब. ०६७।०६८ को प्रगति समीक्षा र आ.ब. ०६८।०६९ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्न पाउँदा गौरव र प्रसन्नता महसुस गरेको छु । यस अवसरमा शहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शान्ति, अग्रगमन र लोकतान्त्रिक शासन व्यवस्थाका लागि सङ्घर्षरत श्रद्धेय सबैमा सम्मान व्यक्त गर्दछु । यस अवसरमा इलाम नगरवासी  बुवाआमा, दिदीबहिनी दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यसै जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय झलनाथ खनाल नेपालको सबैभन्दा महत्वपूर्ण गरिमामय कार्यकारी प्रमुख प्रधान मन्त्री हुनु भएकोमा सम्पूर्ण नगरवासीको तर्फबाट अभिनन्दन गर्दै सफलताको शुभकामना व्यक्त गर्दछु । साथै वहाँको नेतृत्वमा शान्ति, संविधान निर्माण र आर्थिक समृद्धिको माध्यमबाट देशले उन्नति गर्ने विश्वास र सद्भाव सबै इलामवासीको रहेको विश्वास दिलाउन चाहन्छु ।

विकेन्द्रीकरणको सर्वमान्य सिद्धान्त तथा स्थानीय स्वायत्त शासन ऐन, नियमावलीको भावना अनुसार जनप्रतिनिधिबाट परिचालन हुनु पर्ने नगरपालिका मुलुकको विविध परिस्थितिका कारणले आज जनप्रतिनिधिविहीन अवस्थामा रहेको यस अवस्थामा जनप्रतिनिधिको जिम्मेवारी र अधिकार पनि कार्यकारी अधिकृतबाटै बहन गर्नु पर्ने स्थिति रहेको कारणले आज इलाम नगरपालिकाको १५ औ नगर परिषद्बाट पारित नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिरहेको यहाँहरू सामु विदितै छ ।

नगरपालिका कानुनः स्वायत्त निकाय भए पनि यसले आफ्नो कार्य प्रकृयाहरू स्थानीय स्वायत्त शासन ऐन, स्थानीय स्वायत्त शासन नियमावली, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली  अन्य सम्बद्ध ऐननियम, नेपाल सरकारका नीतिहरू, मन्त्रालय, विभागबाट प्राप्त लिखित निर्देशन, राजनैतिक दलहरूको सर्वदलीय संयन्त्रको निर्णय, नगरपालिका बोर्ड बैठकको निर्णय र नगरपरिषद्ले जारी गरेका निर्देशिका एवम् मार्गदर्शनका आधारमा व्यवस्थापन गर्दछ ।

सेवाग्राही जनताको भावना, सुझाव, सहभागितामूलक विकास योजनाको छनौट, कार्यान्वयन र सफल व्यवस्थापन यी सबैबाट जनताको नजिकको सहयोगीको भूमिका यसले निर्वाह गर्दछ । नगरपालिका आफ्नो क्षेत्रभित्र वास्तविक सरकार र प्रत्यक्ष सरकारको रूपमा आफ्नो भूमिकालाई अगाडि बढाउदै लगिरहेको छ । यस कार्यमा हामीलाई सहयोग गर्ने राजनैतिक दल, दलीय संयन्त्र, नागरिक समाज तथा सम्पूर्ण नगरवासीहरूप्रति आभार र सम्मान गर्दछु । साथै आउने दिनहरूमा विकेन्द्रीकरणको मूल्य र मान्यता अनुसार राजनेतिक दलहरूको प्रतिनिधित्वको आधारमा स्थानीय निकाय सञ्चालन होस् भनी ध्यानाकर्षण गर्न चाहन्छु ।

नगरवासीहरूको असीमित आवश्यकता र चाहनालाई सीमित आयस्रोत र साधनले सन्तुलन गर्दै स्थानीय स्वायत्त शासन ऐन नियम र सर्वदलीय राजनैतिक परामर्श समितिको संयन्त्रबाट निर्दिष्ट सल्लाह सुझाव एवम् नगरको अवस्थालाई मध्यनजर गरी सहभागितामूलक योजना तर्जुमा तथा विगतको सफल परम्परालाई यस वर्ष पनि कायम राखिएको छ ।

स्वास्थ्य, शैक्षिक जागरण र पर्यटनको पूर्वाधार इलाम नगरपालिकाको आधार भन्ने नाराका साथ विकास अभियानमा अगाडि बढिरहेको इलाम नगरपालिकाको लागि यस वर्षदेखि आवधिक योजनाले निर्दिष्ट गरेको **स्वच्छ समृद्ध सुसंस्कृत इलाम** दूरदृष्टि राखेर अझै उत्साहका साथ इलाम नगरपालिकाको विकास अभियानलाई तीब्र पार्न चाहन्छु ।

## २. आर्थिक वर्ष ०६७।६८ को प्रगति समीक्षा

अब म यस नगरपालिकाको आर्थिक वर्ष ०६७।६८ को प्रगति समीक्षा संक्षेपमा यहाँहरू समक्ष राख्न चाहन्छु । आर्थिक वर्ष ०६७।०६८ को कुल अनुमानित आय रु १०,९७,३१,०००।०० (संशोधित रु ९,३४,८१,०००।००) रहेकोमा २०६७ चैत्रसम्मको यथार्थ आय रु ५,५९,९५,९४९।५६ रहेको छ । कुल अनुमानित आयमध्ये आन्तरिक स्रोततर्फ रु १,२६,३५,०००।०० रहेकोमा चालु आ.ब. को चैत्र मसान्तसम्ममा खानेपानी सञ्चालन तथा व्यवस्थापनमा रु २३,९३,११९।६५ र नगरपालिकाको आन्तरिक आय रु ६२,८३,३७३।५३ समेत जम्मा रु ८६,७६,४९३।१८ असुली भएको  छ ।

यसैगरी आ.ब. ०६७।०६८ को कुल अनुमानित व्यय रु १०,९७,३१,०००।०० (संशोधित रु ९,३४,८१,०००।००) रहेकोमा २०६७ चैत्रसम्मको यथार्थ व्यय रु ५,४२,८०,८९२।३२ रहेको छ । कुल खर्चमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ ६६,४०,७१५।६५ र

विकास निर्माण पूँजीगत खर्चतर्फ ४,७६,४०,१७६।६७ यथार्थ व्यय भएको छ । आ.ब. ०६७।६८ मा नगरपालिकाबाट निम्नानुसारका क्रियाकलापहरू भएको यहाँहरू समक्ष राख्न चाहन्छु ।

## २.१ विद्युततर्फ

- विद्युततर्फ इलाम नगरपालिकाको सबै वार्डमा विद्युतीकरणको क्रियाकलाप भएको छ ।
- नगरका प्रमुख सडकहरूमा सडक बत्ती जडान गर्ने कार्य गरिएको छ ।
- सडकबत्ती सञ्चालनमा टोल विकास संस्थालाई परिचालन गर्ने गरिएको छ ।

## २.२ सडक यातायाततर्फ

- १४ औ नगर परिषदको निर्णयानुसार बज्रदेवीमा पक्की पुल निर्माणका लागि सम्भाव्यता अध्ययन गरि दिन अनुरोध गरिएकोमा प्रारम्भिक कार्य अगाडि बढेको छ । यसैगरी इलाम नगरपालिकाअन्तर्गत निम्नानुसारका सडक आयोजनाहरू सम्पन्न भएका छन भने केही चालु अवस्थामा रहेका छन :

### कृषि सडक कार्यक्रम (पुरानो क्रमागत)

- फुलगाछी इन्टेक सडक मर्मतको काम सम्पन्न भएको छ ।

### कृषि सडक कार्यक्रम (नयाँ)

- पासाङल्हामु मार्ग स्तरबृद्धि (३ लाख) , जनभवन बीपी मार्ग स्तरबृद्धि (२ लाख), ठुटेबर वडाभवन रातमाटे अठारे सडक (३ लाख), सिंगफ्रिङ्ग अस्पताल घोष बिप्ल्याटे सडक (२ लाख), विद्या प्रा.वि. बौद्धपार्क अठारे सडक (१ लाख), तिल्केनी वडाभवन महभिर गरिमा टोल सिंगफ्रिङ्ग वडाभवन अठारे सडक (१ लाख), थेबेचोक इन्टेक सडक (१ लाख), गिताङ्ग खानेपानी लाइनअन्तर्गत गिताङ्ग खोला जाने बाटो (१ लाख), गिताङ्ग खानेपानी लाइनअन्तर्गत दारेभन्ज्याङ्ग देउराली सन्दकपुर सडक (५० हजार), अवालेगोलाइ गरिमाटोल अठारे सडक (१.५० लाख), पिपलबोटे श्रमिकमार्ग भालुढुंगा बाटो (१ लाख) जस्ता कृषि सडकको कार्यान्वयनका लागि उपभोक्ता समिति गठनको काम सुरु भएको छ ।

### जगेडा कोष कार्यक्रम (पुरानो क्रमागत)

- भक्तबहादुर देवान मार्ग, क्याम्पस रत्नचोक बाटोको काम सम्पन्न भएको छ भने बसपार्क चियाबारी रेलिङ्गसहितको बाटो निर्माण, भ्युटावर निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

### जगेडा कोष कार्यक्रम (नयाँ)

- डाँफे गेस्ट हाउसदेखि भ्युटावरसम्मको रेलिङ्गसहितको बाटो, रत्नचोक फुलगाछी सडक कालोपत्रे, शितलचोक भ्युटावर सडक कालोपत्रे र धोवीधारा कार्की पार्क निर्माणको काम अगाडि बढेको छ ।

### सडक बोर्ड कार्यक्रम (पुरानो क्रमागत)

- लोक सेवा खरेलडाडा बाटो मर्मत, मार्से खुलालगाउँ बाटो मर्मत, ओपीधारा दृपादेवी बाटोको काम सम्पन्न भएको छ भने बीपी मार्गको काम अन्तिम चरणमा पुगेको छ ।

### सडक बोर्ड कार्यक्रम (नयाँ)

- बेनी मार्ग, सिंहबाहिनी रिङ्गरोड, पञ्चकन्या मार्ग, सेतीदेवी मार्गको ग्राभेलका लागि सडक बोर्डबाट कार्यक्रम स्वीकृत भएको छ ।

## २.३ खानेपानीतर्फ

- खानेपानी इलाम नगरपालिकाको प्रमुख समस्याको रूपमा पहिचान भएको छ । यस समस्यालाई दीर्घकालीन रूपमा समाधानका लागि साना शहरी खानेपानी विकास आयोजना र नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट निर्माण कार्य गर्न प्रस्ताव गरिए अनुसार २०६८ सालको बैशाखदेखि प्रारम्भिक कार्य सुरु हुने भएको छ ।
- नगरको खानेपानीलाई व्यवस्थित गर्दै लैजानका लागि खानेपानी निर्देशिका अनुसारको क्रियाकलाप जारी गरिएको छ । स्थानीय खानेपानी मुहानहरूको संरक्षण कार्यलाई जारी राखिएको छ ।
- यसबीचमा चारखाँदे खानेपानी शुद्धीकरण ट्याङ्कीको निर्माण कार्य सम्पन्न भएको छ र यसै वर्षदेखि सो सञ्चालनमा आउने भएको छ ।
- नगरपालिका, एन्फो र सिम एनको सहकार्यमा खानेपानी सुरक्षा योजनाको काम सम्पन्न भएको छ भने आगामी वर्षहरूमा पनि यस कार्यमा निरन्तरता दिइनेछ ।
- इलाम खानेपानी योजना हस्तान्तरणसम्बन्धी २०५५।६।२२ को संझौताको पुरकको रुपमा मिति ०६७।१०।२१ मा पुनः हस्तान्तरण सम्झौता गरी शिखरनगर खानेपानी ट्याङ्की क्षेत्रका सम्पूर्ण संरचनाहरू न.पा.मा हस्तान्तरण भएको छ ।
- नगर क्षेत्रको खानेपानी समस्याको पहिचान गरी समाधान गर्न खानेपानीको दीर्घकालीन व्यवस्थापन योजना तयार गर्नका लागि परामर्शदातामार्फत काम भइरहेको छ ।

## २.४ शिक्षा तथा खेलकूदतर्फ

- आदर्श नमुना उच्च मा.वि. भवन निर्माणका लागि भारतीय राजदूतावासमा प्रस्तावित परियोजना स्वीकृतिको अन्तिम चरणमा रहेको छ ।

- म.र.ब. क्याम्पसमा विज्ञान र कृषि संकायको कक्षा सञ्चालन एवम् शिक्षा संकायमा विज्ञान कक्षा सञ्चालनका लागि अनुरोध गरिएको छ ।
- भारतीय राजदूतावासमार्फत क्याम्पस भवन निर्माणका लागि संझौता भई काम अन्तिम चरणमा पुगेको छ भने क्याम्पस परिसरमा वर्षादको पानी सङ्कलन प्रविधि व्यवस्थापनका लागि शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गरिएको छ ।
- महेन्द्रोदय विद्यालय भवन, दृपादेवी विद्यालय भवन, महमाई निम्न माध्यमिक विद्यालय भवन,पुवामाइ विद्यालय भवन, आदर्श नमुना उच्च मा.वि. पुस्तकालय भवन र विद्यालयमा वर्षादको पानी संकलन प्रविधि व्यवस्थापनका लागि शहरी विकास विभागमा अनुरोध गरिएको छ ।
- नगर क्षेत्रमा विद्यालय भवन तथा शौचालय निर्माणका लागि पीएसडी जस्ता दातृ संस्थाको सहयोग जुटाउन सुनगाभा विकास संस्थालाई अनुरोध गरिएको छ ।
- नगरमा आयोजित खेलकूद कार्यक्रमहरूलाई सहयोग गरिएको छ । खेलकूद गतिविधिमा तीब्रता दिन ठूलो टुँडिखेलको सुधारमा सहयोग गरिएको छ ।

**२.५ पर्यटन, धर्म तथा संस्कृतितर्फ**

- पर्यटकीय विकासको प्रचुर सम्भावना रहेको यस न.पा. भित्रका चियाबगान, पोखरी, पार्क तथा मन्दिरहरूको व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको छ ।
- बी.पी. पार्कको काम अन्तिम चरणमा पुगेको छ ।
- धार्मिक क्षेत्र विकास समितिहरूलाई अनुदान दिने विगतको प्रचलनलाई जारी नै राखिएको छ ।
- धेछेन छ्योग ग्यूरलिङ्ग गुम्वा र न्यूपी थर्पा छोलिङ्ग गुम्वालाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन गुम्वा व्यवस्था तथा विकास समितिमा अनुरोध गरिएकोमा धेछेन छ्योग ग्यूरलिङ्ग गुम्वाको लागि सहयोग प्राप्त भएको छ ।
- राष्ट्रिय पर्व तथा उत्सव र समारोहहरू सम्पन्न गर्नका लागि सहयोग गरिएको छ ।
- पर्यटन सूचना केन्द्रलाई साझेदारीमा सञ्चालन गरिएको छ ।
- पटाङ्गिनी पानी पोखरीको सौन्दय अभिबृद्धिका लागि मर्मत सम्भार कार्यमा सहयोग गरिएकोमा सो कार्य सम्पन्न भएको छ ।
- चिया बगानलाई पर्यटकीय क्षेत्र बनाउन पोखरी जीर्णोद्धार र  रेलिङ्गसहितको बाटोको प्रारम्भिक कार्य सुरु भएको छ भने ठाउँ ठाउँमा होर्डिङ्ग बोर्ड राखिएको छ ।
- न.पा. लाई प्लास्टिकमुक्त क्षेत्र घोषणा गरेपछि ३७ वटा न.पा. र विभिन्न जिल्लाका उद्योग वाणिज्य संघ र अन्य सरोकारवाला संघसंस्थाले भ्रमण गरी आन्तरिक पर्यटन क्षेत्रको रुपमा यसले व्यापकता पाएको छ ।

**२.६ स्वास्थ्यतर्फ**

- शहरी स्वास्थ्य कार्यक्रमअन्तर्गत जिल्ला स्वास्थ्य कार्यालयसँगको साझेदारी र सहकार्यमा वडा नं. ५ मा स्वास्थ्य चौकी स्थापना गरिएको छ ।
- स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय दिवसहरू लगायत पोलियो खोप, भिटामिन ए कार्यक्रममा सहयोग गरिएको छ ।
- वार्ड वार्डमा रहेका खोप केन्द्रहरूलाई नियमित सञ्चालनको व्यवस्था मिलाइएको छ ।
- रक्त सञ्चार सेवा सञ्चालनमा सहयोग गरिएको छ ।
- महिला स्वास्थ्य स्वयम्सेविका कोषमा सहयोग गरिएको छ ।
- प्रा.वि. तहका विद्यार्थीहरूको लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।
- इलाम न.पा. र बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा न.पा. का विभिन्न वडाहरूमा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

**२.७ साझेदारी निकायहरूसँग सहकार्य**

- गैसस साझेदारी कार्यक्रमअन्तर्गत विभिन्न सङ्घसंस्थाहरूलाई अनुदान दिई साझेदारी गरिएको छ ।
- संस्थागत सहयोग तथा अनुदान दिने क्रियाकलापहरूलाई जारी राखिएको छ ।
- हाटबजारमा पसलघर निर्माण तथा मर्मतसुधारका लागि नगर विकास कोषमा प्रस्ताव गरिएको छ ।
- कृषि तथा पशु बजार पूर्वाधार विकास कार्यक्रमको लागि जिल्ला कृषि विकास कार्यालय र आदर्श नमुना उच्च मा.वि.सँग साझेदारीका लागि अनुरोध गरिएको छ ।
- मासु पसल क्षेत्रको सुधारका लागि जिल्ला पशु सेवा कार्यालय, एनसीडीसी र मासु व्यवसायी सङ्घसँग सहकार्य भइरहेको छ ।
- नयाबजारमा बायोग्यास ट्याङ्कीसहितको आरसीसी शौचालय निर्माण तथा  नयाँबजार खोल्सीमा रिडवेड प्रविधिको कार्य अन्तिम चरणमा पुगेको छ ।
- वातावरणीय तथा सरसफाइ कार्यक्रममा सहयोगको लागि सिम एन, एनसीडीसी, सुनगाभा, भारतीय भूपू सैनिक कल्याणकारी संगठनहरूलाई अनुरोध गरिएको छ ।

**२.८ अन्य**

- इलाम नगरलाई पोलेथिन झोलामुक्त क्षेत्र घोषणा गरिएको छ ।
- नगरपालिका क्षेत्र भित्रका सडकहरू कालोपत्रे गर्ने कार्यमा सहयोग गर्न तथा शिक्षातर्फ जनकल्याण नि.मा.वि. भवन निर्माणमा सहयोगको लागि भारतीय राजदूतावासमा अनुरोध गरिएको छ ।
- चीनको छिचुआन र इलाम नगर बीच भगिनी सम्बन्ध स्थापनाको लागि कार्वाही अगाडि बढेको छ ।
- राष्ट्रिय विभुति फाल्गुनन्द सुकिलुम्वा विमानस्थल निर्माणका लागि जग्गा व्यवस्थापनको काम सम्पन्न भई सम्माननीय प्रधान मन्त्रीज्यूबाट शिलान्यास भइसकेको छ ।
- राज्य पुनसरचनाअन्तर्गत इलामलाई प्रस्तावित सङ्घीय राज्यको राजधानी घोषणा र पूर्वाधार निर्माण योजनाका लागि नेपाल सरकार र संविधान सभामा अनुरोध गरिएको छ ।
- नेपाल पत्रकार महासङ्घको भवन निर्माणमा सहयोग गरिएको छ भने नगरपालिका उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण गरिएको छ ।
- गौतमबुद्ध सभा गृहको कार्य सम्पन्न गर्नका लागि नगर विकास कोषसँग सहकार्य भइरहेको छ ।
- सामुदायिक विकास कार्यक्रमअन्तर्गत दाहसंस्कार सहयोग, प्राकृतिक प्रकोप पीडित राहत, असहाय अपाङ्ग सहयोग, आदिवासी जनजाति उत्थान तथा दलित उत्थान कार्यक्रमलाई चालु राखिएको छ ।
- बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनलाई चालु राखिएको छ भने यसको व्यवस्थापनमा सहयोगको लागि सडक सुविधा भएका ग्रामीण बजारहरूसम्म पनि सेवा पुऱ्याउनका लागि गाविसहरूबाट सहयोग जुटाउन जिविसलाई अनुरोध गरिएको छ ।
- वातावरण तथा सरसफाइ कार्यक्रमतर्फ नगरपालिकामा वातावरण एकाइको व्यवस्था मिलाइएको छ भने वातावरण उपसमितिलाई सक्रिय गराइएको छ ।
- सिम एन को सहयोगमा फोहोरमैला उपकरणअन्तर्गत सक्सन टेंकसहितको ट्रिपर १ र मिनी ट्रक १ को व्यवस्थापन भएको छ भने १ वटा भारतीय दमकल स्थानीय विकास मन्त्रालबाट उपलब्ध हुने भएको छ ।
- नगरपालिकाको कामलाई छिटो छरितो गर्नका लागि खानेपानी र राजश्व असुलीको कामलाई कम्प्युटर प्रणालीमार्फत प्रारम्भ गरिएको छ ।
- शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलामको सहयोगमा नयाँबजार ट्याक्सी स्ट्याण्ड व्यवस्थित गर्ने कार्य सम्पन्न भएको छ ।
- निकुञ्जपथ अग्निपीडितको पुननिर्माण हुने घरमा वर्षादको पानी संकलन प्रविधि तथा भूमिगत पानी ट्याङ्की निर्माण गर्ने कार्यमा सहयोगको लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलाममा अनुरोध गरिएको छ ।
- निकुञ्जपथ सडकको सुरक्षाका लागि पर्खाल निर्माण कार्यमा सहयोग गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलाम र पूर्वाञ्चल सडक डिभिजन कार्यालय इलाममा अनुरोध गरिएको छ ।
- खाल्डे सेनिटरी ल्यान्डफिल साइटको जग्गा व्यवस्थापन गरी फोहोरमैला तथा स्रोत परिचालन केन्द्रमार्फत गुरुयोजना निर्माण भई प्रारम्भिक पूर्वाधारका कामहरू भएको छ ।
- इलाम नगरपालिका वार्ड नं. ५ र ७ मा बायोग्यास, सुलभ चर्पी र सुधारिएको धुँवारहित चुल्हो निर्माणको कार्य पहिलो चरणको समाप्त भई दोस्रो चरणको काम धमाधम भइरहेको छ ।
- विगत द्वन्द्वका समयमा क्षति भएको वडाभवन तथा न.पा. भवनको पुननिर्माणका लागि शान्ति तथा पुननिर्माण मन्त्रालयमा अनुरोध गरिएको छ ।
- एकल महिला समाजको भवन निर्माणका लागि जग्गा व्यवस्थापनमा सहयोग गरिएको छ ।
- ७० वर्ष नाघेका बृद्धबृद्धाहरूलाई सञ्चार सुविधाको लागि १०० वटा रेडियो वितरण गरिएको छ ।
- यस वर्ष १२२ जनाको नागरिकता निशुल्क सिफारिस गरिएको छ ।
- वडास्तरीय योजनाहरू संझौता भई केही चालु अवस्थामा रहेका छन् भने स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फका आयोजनाहरू चालु अवस्थामा रहेका छन् ।
- नयाँबजारमा सपिङ्ग कम्प्लेक्स निर्माण र वार्ड नं. ७ मा आदिवासी बस्तीसम्बन्धी योजनाको लागि मास्टर प्लान तयार गरि दिन नगर विकास कोषमा अनुरोध गरिएको छ ।
- ठूलो टुँडिखेल स्तरोन्नति, वडा नं. ३ वडा भवनसम्म पिच, पदमबहादुर देवान मार्ग पिच, रामहरि मार्ग पिच, वन कार्यालयदेखि जनभवनसम्म पिच, तिल्केनीमोडदेखि विद्या प्रा.वि.सम्म पिच, पिपलबोटे चुरेघाँटी जाने बाटो पिच, लोक सेवा आयोगदेखि खरेलडाडासम्म पिच गर्ने योजना कार्यान्वयनको लागि स्थानीय विकास मन्त्रालय, जगेडा कोषमा प्रस्ताव गरिएको छ ।

**३. आर्थिक वर्ष ०६८।०६९ को नीति, कार्यक्रम तथा बजेट**

समग्रमा आर्थिक वर्ष ०६७।०६८ इलाम नगरपालिकाको लागि उपलब्धिमूलक रहे पनि १४ औ नगर परिषदबाट निर्दिष्ट विभिन्न कार्यक्रमहरू सोचे अनुरूप सञ्चालन गर्न विभिन्न समस्याका कारण कठिनाइ र चुनौतीको सामना गर्नु पर्ने अवस्था रह्यो । योजना छनौट ढिलो हुनु, ससाना रकमका थुप्रै योजना हुनु, कार्यान्वयनका क्रममा पटकपटक विवाद आउनु, योजना माग गर्दा बखतको उत्साह

कार्यान्वयनको चरणमा नहुनु, उपभोक्ता समितिमा पनि थोरैमात्र पदाधिकारीहरू निर्माणको चरणमा सक्रिय हुनु, स्थानीय निकायलाई प्राप्त हुन अनुदान र अन्य सहयोगहरू समयमा प्राप्त नहुनु, निर्वाचित जनप्रतिनिधि नहुनु जस्ता विविध कारणहरूले गर्दा हाम्रा योजनाहरूको कार्यान्वयनमा समस्या आउने गरेका छन् ।

यति हुँदा हुँदै पनि जे जति कार्यहरू भएका छन्, ती उपलब्धिमूलक रहेको कुरामा विश्वास दिलाउँदै आ.ब. ०६७।०६८ मा अधुरो रहेका कार्यक्रम र योजनाहरूलाई प्राथमिकताका साथ पूरा गरिने नीति अवलम्बन गर्दै अब म आ.ब. ०६८।०६९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गौतमबुद्ध सभागृह, पुस्तकालय भवन निर्माण, खानेपानी व्यवस्थापन तथा स्रोत थप, नगरपालिका र गाविस जोड्ने बाटोहरू तिल्केनी नामसालिङ्ग, अठारे बिसहाते सोयाङ्ग, भन्ज्याङ्ग साङ्गरुम्वा, भन्ज्याङ्ग कुडुले, बीपी मार्ग सेतीदेवी शान्तिडाडा, घोष बरबोटे बाटोको स्तरोन्नति, बौद्धपार्कमा आदिवासीगाउँ निर्माण, राष्ट्रिय विभुति फाल्गुनन्द सुकिलुम्वा विमान स्थल निर्माण, ठूलो टुँडिखेल स्तरोन्नति, वन कार्यालयदेखि चियाबारी क्षेत्र कालोपत्रे, बालनगाउँमा संग्रहालय निर्माण, सेतीदेवी मन्दिर सुधार तथा पार्क निर्माण, बाल उद्यान निर्माण, शीतभण्डार व्यवस्थापन जस्ता योजनाहरू आ.ब. ०६८।०६९ मा प्राथमिकताका साथ सञ्चालन गर्ने जानकारी गराउन चाहन्छु ।

आर्थिक वर्ष ०६७।०६८ को कुल अनुमानित आयव्यय रु १०,९७,३१,०००।०० (संशोधित रु ९,३४,८१,०००।००) रहेकोमा २०६७ चैत्रसम्मको यथार्थ आय रु ५,५९,९५,९४९।५६ रहेको र यथार्थ व्यय ५,४२,८०,८९२।३२ रहेको सन्दर्भमा आ.ब. ०६८।०६९ को लागि रु ११,२९,००,०००।०० आयव्यय अनुमान गरिएको छ ।

त्रिवर्षीय योजना (०६७/०६८–०६९/७०) तर्जुमाका लागि राष्ट्रिय योजना आयोगबाट तयार गरिएको आधारपत्रलाई दृष्टिगत गर्दै रोजगारीकेन्द्रित समावेशी तथा समन्यायिक आर्थिक बृद्धि गरी गरिवी न्यूनीकरण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउने, आम जनताको जीवनस्तरमा सुधार ल्याउने र परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने लक्ष्यमा केन्द्रित रहेर इलाम नगरपालिकाको आर्थिक वर्ष ०६८।०६९ को लागि अनुमान गरिएको बजेट, नीति तथा कार्यक्रमबाट निम्नानुसारको कार्य सम्पादन गरिने व्यहोरा अनुरोध गर्न चाहन्छु ।

### ३.१ वडास्तरीय योजनातर्फ

- वडास्तरीय योजना तथा कार्यक्रमका लागि प्रत्येक वडामा रु २ लाख रकम आन्तरिक स्रोतबाट विनियोजन गरिनेछ ।
- प्रत्येक वडामा पूर्वाधार निर्माणका लागि ठोस योजना सञ्चालन गर्न रु ५ लाखका दरले विनियोजन गरिनेछ ।
- वडामा विनियोजन गरिएको रकमबाट तोकिएको समयमा काम हुन नसकेमा सो रकमलाई नगरपालिका साझेदारी विकास कोषमा लगेर खुला दिसामुक्त क्षेत्र घोषणाको लागि बायोग्याससहितको शौचालय तथा शौचालय निर्माणको काममा लगाइनेछ ।
- नगरपालिकाको आवधिक योजनाले निर्दिष्ट गरे अनुसार वडा वडामा विकास निर्माणका क्रियाकलापहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- योजनाहरुको प्राथमिकीकरण यसको अनुसूचीमा राखिएको छ ।

### ३.२ विद्युततर्फ

- विद्युततर्फ इलाम नगरपालिकाको सबै वार्डमा विद्युतीकरणको लागि प्रयास गरिनेछ ।
- सडक बत्ती व्यवस्थापनको कार्यमा टोल विकास संस्थाहरूलाई प्रत्यक्ष सहभागी गराई सो कार्य साझेदारीमा गर्ने व्यवस्था मिलाइने छ ।
- नगरका विभिन्न ठाउँमा व्यक्तिको घरघडेरी प्रभावित हुने गरी टाँगिएका विद्युतका हाइटेन्सन लाइनलाई सडकको किनारामा अनिवार्य रूपमा सार्ने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणमा अनुरोध गरिनेछ ।
- नगर क्षेत्रका कतिपय स्थानमा लड्ने अवस्थामा रहेका विद्युत पोल र झुण्डिएको विद्युत तारलाई व्यवस्थित गर्न प्राधिकरणलाई अनुरोध गर्दै बजार क्षेत्रका विद्युत तथा टेलिफोन लाइनलाई भूमिगत गर्न आग्रह गरिनेछ ।

### ३.३ सडक यातायाततर्फ

- नगर क्षेत्रका सडकहरूको तथ्याङ्क अद्यावधिक गर्नका लागि सडक गुरु योजना तयार गरिनेछ ।
- सडक निर्माण मर्मत सुधारका क्रममा विकास निर्माण मापदण्ड २०६४ लाई प्रभावकारी ढंगले लागू गरी सडकको तथ्याङ्कलाई अद्यावधिक गरिनेछ र बाटोको चौडाइलाई मापदण्ड अनुसार गर्न लगत कट्टा गर्ने कामलाई समेत अगाडि बढाइनेछ ।
- नगरका सडकहरू कालोपत्र गर्नका लागि सहयोग गर्न भारतीय राजदूतावासमा प्रस्ताव गरिनेछ ।
- नगरको शहरी क्षेत्रका कालोपत्रे सडक र नाली मर्मत सुधारका लागि पूर्वाञ्चल सडक डिभिजन कार्यालय इलामलाई अनुरोध गरिने छ ।
- सडक यातायाततर्फ यस वर्ष नयाँ बाटो खन्ने कार्यलाई निरुत्साहित गरी विगतमा खनिएका बाटाहरूको सुधार, अधुरो कार्यलाई पूरा गर्ने र नाली निर्माण गर्ने जस्ता कार्यलाई प्राथमिकता दिइनेछ ।
- १४ औ नगर परिषद्बाट निर्णय गरिएका सडकहरुको मर्मत सुधार कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- सडक बोर्ड कार्यक्रम, कृषि सडक कार्यक्रम, जनसहभागितामा आधारित विकास कार्यक्रमअन्तर्गत चालु र अधुरो क्रमागत योजनाहरूलाई निरन्तरता दिइनेछ र यस वर्ष कृषि सडक, सडकबोर्ड र जगेडा कोषतर्फबाट कार्यान्वयन गरिने सडकहरूलाई अनुसूची १ मा उल्लेख गरिएको छ । साथै विनियोजन भएको बजेटका आधारमा योजना बैंकको रूपमा रहेका सडकहरूको स्तरन्नति गरिनेछ ।

- ट्राफिक व्यवस्थापन/एकतर्फी सवारी नियमलाई यस वर्ष अनिवार्य गरी व्यवस्थित गरिनेछ र सडक अतिक्रमणलाई निरुत्साहित गरी सडक खुला राख्ने कार्यमा नगर प्रहरीलाई परिचालन गरिनेछ ।
- ट्राफिक व्यवस्थापनका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय इलामसँग साझेदारीमा विभिन्न चेतनामूलक काम गरिनेछ ।
- सवारी चालक र सहायकचालकहरूलाई ट्राफिक नियम/पर्यटनसम्बन्धी अभिमुखीकरण तथा समय व्यवस्थापन तालिमको व्यवस्थापन गर्न मेची चालक सङ्घ, पूर्वेली ट्याक्सी सङ्घ, मेची यातायात सङ्घ र पूर्व नेपाल रात्रि बस व्यवसायी सङ्घलाई सहयोग गरिनेछ ।
- भृकुटीचोक र महानन्दचोकमा ट्राफिक आइल्याण्डको निर्माण कार्य यसै आ.ब. भित्र गरिनेछ र सडकका प्रमुख स्थानहरूमा सडक विभागसँग साझेदारी गरी सङ्केत बोर्ड व्यवस्थापन गरिनेछ ।
- मेची राजमार्ग तथा जिल्लाका अन्य सडकहरूमा तोकिएको मापदण्ड विपरीत क्षमता भन्दा बढी भार ढुवानी गर्ने बसट्रकलाई नियन्त्रण गर्न पूर्वाञ्चल सडक डिभिजन कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय इलाममा अनुरोध गरिने छ ।
- माइखोला राजदुवालीको मोटरेवल पुल जीर्ण भएकोले पक्की पुल निर्माणका लागि जिल्ला विकास समिति इलाममा अनुरोध गरिनेछ । यसैगरी कुडुले, अर्चले र ओझेलेमा पक्की पुल निर्माणको लागि अनुरोध गरिनेछ ।

### ३.४ खानेपानीतर्फ

- खानेपानीको व्यवस्थापनलाई यो वर्ष उच्च प्राथमिकता दिई अल्पकालीन समाधान र दीर्घकालीन समाधान गर्न खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँगको सहकार्यमा आवश्यक कार्यहरू गरिनेछ ।
- न.पा. क्षेत्र भित्रका स्थानीय मुहानहरुको स्वामित्व प्राप्त गर्न र भाडीखोला मुहानलाई न.पा.ले प्राप्त गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- गिताङ्ग खानेपानी लाइनमा पर्ने थप मुहानहरू (जस्तै भट्टराईको जग्गामा रहेको मुहान, जिरेभिर मुहान र अन्य) र भाडीखोला सिपेजलाई व्यवस्थित गरी खानेपानी लाइनमा जोडिनेछ ।
- चारखाँदे खानेपानी शुद्धीकरण ट्याङकीको काम सम्पन्न भएकोले यसलाई सञ्चालन गरी व्यवस्थित गरिनेछ ।
- एन्फोको सहयोगमा खानेपानी सुरक्षा योजनालाई क्रमशः लागू गर्दै निरन्तरता दिइनेछ ।
- गिताङ्ग मुहान र भाडीखोला मुहानका साथै इलाम नगरको स्थानीय मुहान वरिपरि वातावरणीय तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ साथै मुहान क्षेत्रको संरचनालाई मर्मतसुधार समेत गरिनेछ ।
- गिताङ्ग लाइनबाट थप पानी ल्याउन स्थानीयस्तरमा संझौता भइसकेकोले सो मुहानदेखि चारखाँदेसम्मको पाइप लाइन तत्काल विस्तार तथा सुधार गरिनेछ र चाँपगैरी चारखाँदेको जापानिज पाइप लाइन सीधै शुद्धीकरण ट्याङ्कीसम्म र बरबोटेस्थित मेनलाइनको बीपीटी नं. ३ को पाइपलाइन सुधार गरिनेछ ।
- नगर क्षेत्रको खानेपानी व्यवस्थापन योजना अनुसारको कामलाई आगामी आ.ब. देखि प्राथमिकताका साथ सम्पन्न गरी बजार क्षेत्रको वितरण लाइनलाई व्यवस्थित गरिनेछ ।

### ३.५ कृषि बजारीकरणतर्फ

- व्यापारी व्यवसायीहरुको लागि सपिङ्ग कम्प्लेक्स निर्माण परियोजना सुरु गर्न जग्गा व्यवस्थापनमा जोड दिइनेछ ।
- नगर क्षेत्रमा नेपाल भारत मैत्री शीतभण्डार निर्माणको काम अन्तिम चरणमा पुगेकोले शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्य लिजको माध्यमबाट गरिनेछ र शीतभण्डार क्षेत्रमा ट्रक पार्क निर्माणको काम गरिनेछ ।
- कृषिबजारलाई विकास गर्नका लागि मासु पसल क्षेत्रलाई थप सुधार गरिनेछ, पशु बधशाला व्यवस्थापन कार्यका लागि जिल्ला पशु कार्यालयसँग साझेदारीमा क्रमशः पशु बधशालाको लागि जग्गा व्यवस्थापन तथा निर्मार्ण कार्यलाई अगाडि बढाइनेछ ।
- नयाँबजारको बायोग्यास ट्याङ्कीसहितको शौचालयको काम अन्तिम चरणमा पुगेकोले यसलाई सञ्चालनमा ल्याइनेछ ।
- हाटबजार साँघुरो हुँदै गएकोले इलाम नगरपालिका वार्ड नं. १ स्थित पूर्ण तिखत्री, घनश्याम अग्रवाल, नरबीर चाहार र थिर ब. परियारको घरघडेरी खरिद वा अधिग्रहणको प्रक्रियाबाट प्राप्त गरी हाटबजार फराकिलो पार्ने नीति कार्यान्वयन गरिने छ ।
- आदर्श मा.वि.को दक्षिणतर्फ रहेको विद्यालयको जग्गामा समेत कृषि बजार विस्तारका लागि जग्गा लिजमा लिन विद्यालयसँग प्रारम्भिक वार्ताहरू भइरहेकोमा सो कार्यलाई तीब्रता दिइनेछ ।
- कृषि उत्पादनको बजारीकरणका लागि सो क्षेत्रमा क्रियाशील सङ्घसंस्थालाई सहयोग गरिनेछ भने इलाममा कृषि अध्ययन अनुसन्धान केन्द्र तथा चिया संग्रहालयको स्थापनाका लागि नेपाल सरकारमा अनुरोध गरिनेछ ।
- नयाँबजारको सव्जीहाटमा ग्रामीण क्षेत्रबाट आउने कृषक व्यापारीहरूलाई सुविधाको लागि ३ तले आरसीसी सेड निर्माण आयोजना स्वीकृतिका लागि नगर विकास कोषमा प्रस्ताव गरिनेछ ।
- कृषि उपजहरूको बजारीकरणका लागि नगरपालिका साझेदारी विकास कोषबाट ऋण लगानी गर्ने नीतिलाई निरन्तर गरिनेछ ।
- जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गरी कृषि प्राविधिकको सहयोगमा आयमूलक कृषि कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ भने नासपाती, एभोकार्डो, किवी, केरा, कागती, सुन्तला, मेवा, आँप जस्ता विरुवा लगाउन तथा रातो च्याउ खेतीका लागि किसानलाई उत्प्रेरित गरिनेछ ।

- कृषि क्षेत्रलाई व्यावसायिकरणका लागि लघु सिंचाईको कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समितिमार्फत १०,०००।०० अनुदान दिइनेछ ।
- कृषि क्षेत्रमा रासायनिक कीटनाशक विषादी तथा मलको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक कीटनाशक तथा मलको प्रयोगमा जोड दिइनेछ ।
- अदुवा प्रशोधन गरी सुठो बनाउने प्रविधिको लागि निजी क्षेत्रलाई आव्हान गरी सहकारीमार्फत रु १ लाखसम्म सहुलियत दरमा ऋण दिइनेछ, यसको लागि महिला सङ्घसंस्था र एकल महिलाहरूबाट प्रस्ताव आएमा प्राथमिकता दिइनेछ ।
- इलाम नगरपालिका वार्ड नं. ४ र ५ को सिंचाईका लागि नेपाल विद्युत प्राधिकरण, पुवाखोला जल विद्युत केन्द्र र जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गरिनेछ ।

### ३.६ शिक्षा र खेलकूदतर्फ

- नगर शिक्षा योजना यसै आ.ब.मा जिल्ला शिक्षा कार्यालयसँग सहकार्यमा निर्माण गरिनेछ ।
- विद्यालयमा वातावरण संरक्षण तथा स्वच्छ खानेपानीको कार्यक्रमका लागि प्रा.वि. र नि.मा.वि. मा १००० लिटर र मा.वि.मा २००० लिटरको खानेपानी ट्याङ्की, युरोगार्ड र डस्बिनको व्यवस्था क्रमशः गरिनेछ ।
- प्रत्येक आ.ब. मा व्यावसायिक शिक्षाको लागि साझेदारीमा कार्य सञ्चालन गरिनेछ, यसका लागि निजी क्षेत्रका संघसंस्थालाई प्राथमिकता दिइनेछ ।
- प्राविधिक विषयको लागि बीएससी कक्षा सञ्चालनमा जोड दिइनेछ भने कृषि, पशुपालन र जडीबुटीसम्बन्धी तालिमको लागि प्राविधिक शिक्षालय स्थापनामा सहयोग गरिनेछ ।
- खेलकूदको विकासका लागि नगरमा खेलकूद स्टेडियम बनाउन गुरुयोजना तयार गर्न सहयोग गरिनेछ ।
- भारतीय राजदूतावासबाट आदर्श नमुना उच्च मा.वि. भवन निर्माण परियोजना स्वीकृतिको अन्तिम चरणमा रहेको र जनकल्याण नि.मा.वि. भवन निर्माण परियोजना कार्वाहीमा रहेकोले सो भवनको लागि म्याचिङ्ग फण्ड जुटाउने कार्य गरिनेछ भने सो आदर्श नमुना उच्च मा.वि.को विकासका लागि गुरुयोजना तयार गर्ने कार्यमा सहयोग गरिनेछ ।
- म.र.ब.क्याम्पस भवन निर्माण कार्य भारतीय राजदूतावासको सहयोगमा सुरु भइसकेको हुनाले क्याम्पसमा विज्ञान र कृषि संकायको कक्षा सञ्चालन एवम् शिक्षा संकायमा विज्ञान कक्षा सञ्चालनका लागि अनुरोध गरिनेछ ।
- प्रस्तावित पब्लिक आदर्श बहुमुखी क्याम्पसको पूर्वाधार निर्माण तथा विज्ञान विषयको स्नातक कक्षा सञ्चालनमा सहयोग गरिनेछ ।
- नगर क्षेत्रको माध्यमिक तथा निम्न माध्यमिक सामुदायिक विद्यालय भवन निर्माणमा सहयोगको लागि भारतीय दूतावासमा परियोजना प्रस्ताव पठाउन विद्यालयहरूलाई उत्प्रेरित गरिनेछ र सो को लागि प्राविधिक सहयोग नगरपालिकाबाट गरिनेछ ।
- सुनगाभा स्रोत केन्द्रलाई थप व्यवस्थित गरी सूचना केन्द्रको रूपमा विकसित गर्न सहयोग गरिनेछ ।
- साहित्य, भाषा, कला, संस्कृति र खेलकूद विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ । महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोहको स्मारिका प्रकाशनका लागि सहयोग गरिनेछ ।
- श्रष्टाहरूको सम्मानका लागि इलाम जिल्लाकै प्रतिष्ठित कवि विष्णु नवीनको अर्धकदको सालिक नवीन चोकको बीचमा यसै आ.ब.भित्र निर्माण गरी राखिनेछ ।
- भानु जयन्तीलाई साहित्यिक कार्यक्रम गरी प्रत्येक वर्ष मनाउन आवश्यक रकम व्यवस्था गरिनेछ ।
- एक घर एक स्नातकको अवधारणालाई नगरपालिका क्षेत्रभित्र व्यापक रुपमा लगिनेछ । न.पा. क्षेत्रभित्रका उच्च मा.वि. र क्याम्पसमा आर्थिक रूपले अत्यन्त विपन्न जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न एक कोषको स्थापना गरिनेछ ।
- विद्यालय तथा क्याम्पसमा वातावरणीय प्रवर्द्धन कार्यक्रममा सहयोगका साथै आधारभूत खेलकूद प्रशिक्षण तथा योग प्रशिक्षण कार्यक्रमलाई सहयोग गरिनेछ ।
- अमेरिकन दूतावासको सहयोग तथा उ.वा.संघको पहलमा स्थापना हुने पुस्तकालयको लागि पुस्तकालय भवन निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- न.पा. क्षेत्रभित्र रहेका करिब १८०० जना निरक्षर व्यक्तिहरूको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ, यसका लागि सबैका लागि शिक्षा कोष स्थापना गरी नजिकका विद्यालयहरुमा अभियान सञ्चालन गर्ने नीति बनाइनेछ ।

### ३.७ पर्यटन तथा संस्कृतितर्फ

- इलाम जिल्लाको पर्यटन व्यवस्थापन योजनामा सम्बोधन भएका न.पा. क्षेत्र भित्रका योजनालाई क्रमशः कार्यान्वयन गरिदै लगिनेछ ।
- सन् २०११ को नेपाल पर्यटन वर्षको सन्दर्भमा कुटनीतिक नियोग, युएन एजेन्सी, उद्योगी व्यवसायी, पर्यटन, वातावरण र विकास क्षेत्रका नीति निर्माता, विज्ञहरुको बृहत् जमघट हुने गरी पर्यटन महोत्सवको कार्यक्रम आयोजना गरिनेछ । यसका लागि जि.वि.स., उ.वा.संघ, नेपाल पर्यटन बोर्ड र अन्य साझेदारी निकायहरूको खोजी गरिनेछ ।
- इलामलाई पर्यटन गन्तव्यको केन्द्र बनाउन फाल्गुनन्द सुकिलुम्वा विमानस्थलको निर्माणमा जोड दिदै नगरपालिका क्षेत्रभित्र यस आ.ब. मा ६ वटा भ्रमण क्षेत्रहरूको निर्माण गरिनेछ ।

- इलाम नगरपालिकाको वार्ड नं. ९ स्थित बालनगाउँलाई ग्रामीण पर्यटनको अवधारणा अनुसार लिम्बू संस्कृतिको अवलोकन गर्ने आकर्षक स्थल बनाउन *बालनगाउँमा पर्यटकको १ दिन* कार्यक्रमको प्याकेज बनाउनमा सहयोग गरिनेछ र सेतीदेवी बालनगाउँ भालुढुंगा पैदल पर्यटन रुटको विकास गरिनेछ।
- सिंहबाहिनी पर्यटकीय धार्मिक क्षेत्र तथा ऐतिहासिक रत्न समाधि स्थलको लागि गुरु योजना तयार गरी आवश्यक क्रियाकलापहरु गरिनेछ।
- बालनगाउँ, महभिर बौद्धपार्क जस्ता क्षेत्रमा महिला उद्यमी समूहमार्फत होम स्टेसम्बन्धी कार्यक्रममा सहयोग गरिनेछ भने महभिर बौद्धपार्कमा आदिवासी बस्तीको गुरुयोजना तयार गरिनेछ।
- पर्यटन प्रवर्द्धनको लागि भ्यूटावर, बीपी पार्क, धोवीधारा कार्की पार्कलाई लिजको माध्यमबाट सञ्चालनमा ल्याइने छ भने अरनिको सांस्कृतिक संग्रहालयलाई बहुजातीय संग्रहालयको रूपमा विकास गर्ने कार्य गरिनेछ।
- इलाम न.पा. वडा नं. ५ को सुकिलुम्वामा निर्माण हुने राष्ट्रिय विभुति फाल्गुनन्द सुकिलुम्वा विमानस्थलको शिलान्यास सम्पन्न भइसकेको हुँदा आ.ब. ०६८।६९ देखि निर्माण गर्न सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराइनेछ।
- सुकिलुम्वा पार्क र लभर्स पार्कको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ भने पटाङ्गिनी पोखरीलाई व्यवस्थित गरिनेछ। तिल्केनीको खर्क, घटिटारको खेत, सोतीबेसी काइलाटारलाई पार्क बनाउन गुरुयोजना तयार गरिनेछ र उक्त पार्कलाई उद्यानको रूपमा विकास गर्न विभिन्न निकायहरूमा सहयोगको लागि प्रस्ताव गरिनेछ।
- स्थानीय वरपिपलहरूको संरक्षण गरी पार्क बनाउन प्रोत्साहित गरिनेछ। यस कार्यका लागि स्थानीय टोल विकास संस्थाहरूलाई परिचालन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रका चिया बगान क्षेत्र र अन्य उपयुक्त क्षेत्रहरूमा पार्क निर्माण गर्ने र पानीको फोहोरा निर्माण गर्न एनसीडीसीलाई सहरी सौन्दर्यको अवधारणा प्रस्तुत गर्न अनुरोध गरिनेछ। यसका लागि पर्यटकीय आकर्षणका क्षेत्रहरूको सौन्दर्य अभिबृद्धि गर्न विशेष प्राथमिकता दिइनेछ।
- सेतीदेवी क्षेत्रलाई नगरको प्रमुख पर्यटकीय क्षेत्र बनाउन गुरु योजना अनुसारको कामलाई अगाडि बढाइनेछ र सेतदिवी मार्गको स्तरोन्नति गरी सञ्चालनमा ल्याउन प्राथमिकता दिइनेछ।
- नगरपालिका क्षेत्रभित्रका मठमन्दिर र गुम्बाहरूको अभिलेखीकरण गरी प्रचारप्रसारको लागि नेपाल पर्यटन बोर्डमा अनुरोध गरिनेछ।
- सुकिलुम्वा डाडामा बौद्ध गुम्वा निर्माण गर्न पहल गरिनेछ।
- गौतमबुद्ध सभा गृहको निर्माण कार्य सम्पन्न गरी समितिमार्फत सञ्चालनमा ल्याइनेछ।

**३.८ लक्षित समूह कार्यक्रम**

- लक्षित समूहतर्फको कार्यक्रममा स्थानीय विकास तथा सामुदायिक विकास कार्यक्रम तथा नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजन भएको रकमबाट अनुसूची २ मा उल्लिखित कार्यक्रम गरिनेछ।
- महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकको लागि सुरक्षित मातृत्व कार्यक्रमलाई विशेष प्राथमिकता दिइएनेछ।
- नगरस्तरीय दलित समन्वय समितिको कार्यक्रम निर्देशिकामा उल्लेखित कार्यक्रमलाई आधार मानी कार्यक्रम सञ्चालन गरिनछे।
- आदिवासी जनजाति, महिला अपाङ्ग र बालबालिकाहरूको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम निर्माण गर्दा सम्बन्धित लक्षित समूहसँगको साझेदारी र स्थानीय विकास मन्त्रालयको योजना निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

**३.९ ग्रिनसिटी निर्माणसम्बन्धी**

- ग्रिनसिटी (हरित नगरी) निर्माणमा पहिलो चरणमा निम्नानुसारको कार्य गरिनेछ। सो को लागि रणनीतिक योजना निर्माण गर्न एनसीडीसीलाई अनुरोध गरिएकोमा प्रारम्भिक चरणको कार्यहरु सुरु भइसकेको छ।
    - न.पा. भित्रको ढलहरुको व्यवस्थापन गरी रिडवेडमार्फत पानी शुद्धीकरण गरी पुनः प्रयोगयोग्य बनाइनेछ। यसबाट माइखोला सुधार परियोजनाअन्तर्गतका संस्थाहरु समेतलाई परिचालन गरिनेछ।
    - न.पा.को तल्लो तटीय क्षेत्रमा वन उपभोक्ता समूहसँगको साझेदारीमा वृक्षारोपण कार्यलाई अगाडि बढाइनेछ।
    - न.पा.को शहरी क्षेत्रमा आकर्षक विरुवा वृक्षारोपण गरी सौन्दर्य अभिबृद्धि गरिनेछ।
    - प्लास्टिकमुक्त न.पा. निर्माणलाई अझ प्रभावकारी बनाइनेछ।
    - सन् २०१२ सम्म खुला दिसामुक्त क्षेत्रको घोषणा गरिनेछ। जसका लागि रोजगारीको सिर्जना गरेर गरिबी न्यूनीकरणलाइं प्राथमिकता दिइनेछ।
    - वातावरण संरक्षण र गरिबी न्यूनीकरणका लागि बायोग्यास कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ। जसका लागि सुलभ दरमा ऋण सुविधा उपलब्ध गराइनेछ।
    - ऊर्जा संकटको अन्त्य र ऊर्जा खपतमा न्यूनीकरणका लागि सिएफएल चिमको प्रयोग अनिवार्य गराइनेछ।
    - ध्वनि/धुँवा प्रदूषण नियन्त्रणको लागि पुराना सवारी साधन हटाउने कार्यलाई अगाडि बढाइनेछ।
    - कृषिमा रासायनिक विषादीको प्रयोगमा न्यूनीकरणका लागि अर्गानिक कृषि प्रणालीमा जोड दिइनेछ।
    - विद्यालयहरुमा वातावरण शिक्षा तथा विद्यालय क्षेत्रमा वृक्षारोपण कार्य गरिनेछ।
    - वर्षादको पानी संकलन प्रविधि, पोखरी निर्माण तथा जमिनमा पानी रिचार्ज गराउने कार्य गरिनेछ।

- फोहोरमैला व्यवस्थापन तथा ल्यान्डफिल साइट व्यवस्थापनको कार्य गरिनेछ ।
- खानेपानीको मुहान संरक्षण तथा खानेपानीलाई स्वच्छ, स्वस्थ र गुणस्तरयुक्त गर्ने कार्य गरिनेछ ।
- नगरमा पार्क तथा हरियाली व्यवस्थापनमा जोड दिइनेछ ।
- विद्युत, टेलिफोन र केवल लाइनलाई भूमिगत तथा व्यवस्थापन कार्यमा जोड दिइनेछ ।

- नगर भित्र रहेका खानेपानी मुहानहरू सुक्न नदिन तथा जमिनमा पानी रिचार्ज कार्यका लागि नगर क्षेत्रभित्र निजी पोखरी निर्माणको कार्यलाई प्रोत्साहित गरिनेछ, यसका लागि रु १५,०००।०० ऋण सुविधा र रु १०,०००।०० अनुदान सुविधा उपलब्ध गराइनेछ ।

**३.१० सामाजिक सुरक्षा तथा सामुदायिक विकास, वातावरण र गरिबी न्यूनीकरण**

- जगेडा कोषअन्तर्गत इ.न.पा.को स्वामित्वको बरभैयामा रहेको जग्गामा संग्रहालय र सेतीदेवी गुठीखेतमा बोटानिकल पार्क निर्माण गरिनेछ ।
- नगर क्षमता विकास समन्वय समितिलाई सक्रिय गराई ३ वर्षे नगर क्षमता विकास योजना कार्यान्वयन गरिनेछ ।
- स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फको कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- समाज परिचालन तथा गरिबी न्यूनीकरण कार्यक्रमअन्तर्गत आयमूलक तथा सीपमूलक क्रियाकलापहरू संचालन गरिनेछ ।
- नगरपालिकाको नगर सूचना केन्द्र र मानव संशाधन केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- स्वरोजगारमा लाग्न चाहने युवाहरुलाई सीपमूलक तालिम, ऋण सुविधाको व्यवस्था गरिनेछ ।
- टोल विकास संस्थामा निस्कृय रहेको पूँजीलाई सहुलियत व्याजदरमा नगरपालिका साझेदारी विकास कोषमा ल्याई गरिबी न्यूनीकरणमा लक्षित आयमूलक तथा उत्पादनमूलक कृयाकलापहरूमा लगाउने व्यवस्था मिलाइनेछ भने वडास्तरीय आर्थिक पूर्वाधारतर्फको बजेटलाई यसै कोषमार्फत आयमूलक तथा उत्पादनमूलक कृयाकलापमा लगाइनेछ ।
- सक्सन टेंकबाट संकलित फोहोर मललाई विसर्जनका लागि भने खाल्डे सेनिटरी ल्यान्डफिल साइट छेउ थप जग्गा खरिद गरी व्यवस्थापन गरिनेछ ।
- खाल्डे सेनिटरी ल्याण्डफिल साइटको व्यवस्थापन योजना अनुसार पूर्वाधार निर्माणका लागि दातृ संस्था खोजी गरी सो साइटलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन जिल्ला वन कार्यालय, जिल्ला वनस्पति कार्यालय र सिम एनको सहयोगमा सो ठाउँमा विरुवा र फूलको नर्सरी स्थापना गरिनेछ ।
- नगरपालिकालाई काम, बेरोजगारलाई दाम भन्ने नाराका साथ रोजगार सिर्जना हुने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । नगरपालिका क्षेत्रभित्रका बेरोजगार जनशक्तिको लागि विभिन्न रोजगारमूलक, सीपमूलक तालिमको व्यवस्थापन गरिनेछ ।
- टोल विकास संस्थाको पुनरगठन गर्दै अझ प्रभावकारी बनाई संस्थामा रहेको पूँजीलाई सहकारी बनाउन यस वर्षदेखि अध्ययन गरिनेछ र यस वर्ष वडा नं. ५ मा सामुदायिक सहकारी स्थापना गरिनेछ ।
- प्राकृतिक प्रकोप पीडित राहत कार्यक्रम र नगरस्तरीय विपद् जोखिम न्यूनीकरण कार्यक्रमका लागि अक्षय कोषको व्यवस्था गरिनेछ ।
- सन् २०१२ सम्ममा इलाम नगरपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणाको लागि स्थानीयस्तरमा रोजगारी समेत सिर्जना हुने गरी आवश्यक कार्यक्रम अगाडि बढाइनेछ र यसका लागि सुलभ शौचालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वातावरण संरक्षणका लागि बायोग्यास कार्यक्रमलाई गरिबी न्यूनीकरणसँग जोडेर अगाडि बढाइनेछ र सुधारिएको धुँवारहित चुल्हो कार्यक्रमलाई समेत विस्तार गरिनेछ ।
- पोलेथिन झोला नियन्त्रणको कार्यलाई अन्यत्र अनुकरणीय बनाउन सो को अभिलेख राखी स्रोत केन्द्र बनाउने कार्य गरिनेछ ।

**३.११ शहरी विकास तथा पूर्वाधार**

- नगरपालिका क्षेत्रभित्र आगामी आ.ब. देखि वडा नं. ५ को गोलाखर्क क्षेत्र, वडा नं. ९ को शिखरनगर र वडा नं. ८ को आदर्शनगर क्षेत्रलाई साना सहरको रूपमा विकसित गरिदै लगिनेछ, यसका लागि ढलनिकास, सडक कालोपत्रे र खानेपानी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ । नगर विकास कोषसँग साझेदारीमा यस क्षेत्रहरुको पहिलो चरणमा विस्तृत योजना निर्माण गरिनेछ ।
- भवन निर्माण मापदण्डलाई प्रभावकारी बनाई बस्ती विकास कार्यमा बाटो, ढल र पानीको सुविधामा जोड दिइनेछ ।
- शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा नगरपालिकाको आवधिक योजना तयार भएकोले सो आवधिक योजना तथा नगर विकास योजनालाई क्रमशः कार्यान्वयन गरिनेछ ।
- शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयसँग सहकार्य गरी एकीकृत पूर्वाधार विकास कार्यक्रम, निर्देशित जग्गा विकास कार्यक्रम, सडक नाली संजाल विस्तृत अध्ययन, सेतीदेवी मन्दिर गुरुयोजना कार्यान्वयन, जग्गा विकास कार्यक्रम र जोरधारा बालनगाउँ सडक स्तरोन्नतिका लागि आवश्यक काम गरिनेछ ।
- नगरपालिकाको आवधिक योजना कार्यान्वयन गर्दा इलाम भविष्यमा सङ्घीय राज्यको राजधानी हुन गइरहेको कुरामा केन्द्रित रही इलामलाई पर्यटन, शिक्षा र व्यावसायिक कृषिलाई प्राथमिकता दिइनेछ ।
- नगर क्षेत्रमा निर्माण हुने सरकारी निकाय, गैसस तथा विद्यालयका भवनहरूमा वर्षादको पानी सङ्कलन प्रविधिलाई अनिवार्य गरिनेछ । यसका लागि शहरी विकास विभाग, यूएन ह्याविट्याट र अन्य संस्थाहरूसँग साझेदारी गरिनेछ ।

- सङ्घसंस्था तथा गैससका भवनहरूमा संस्थागत शौचालय निर्माण कार्यलाई सहयोग गरिनेछ भने सामुदायिक भवनमा सूचना पाटीको व्यवस्था गरिनेछ ।
- Water Safty Plan कार्यक्रमलाई वर्षेनी निरन्तर रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा गौतमबुद्ध सभागृहको निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।
- नगर क्षेत्रभित्र जोखिमको अवस्थामा रहेका विद्युत, टेलिफोन र केवलका पोल तथा तारलाई व्यवस्थित गर्न सम्बन्धित निकायलाई अनुरोध गरिनेछ ।

**३.१२ सूचना तथा सञ्चार**

- नेपाल पत्रकार महासंघ अन्तर्गत सूचना सम्प्रेषणका लागि आवश्यक अत्याधुनिक फाइल ट्रान्सफर प्रोटोकल उपकरणको व्यवस्थापनमा सहयोगका लागि एनटीभीलाई अनुरोध गरिनेछ र यस कार्यको लागि न.पा.ले आफ्नो स्रोतले भ्याएसम्म सहयोग गर्नेछ । यस वर्ष पत्रकार महासंघको भवनभित्र मिडिया हाउस सञ्चालन गर्न रु १ लाखसम्मको कम्प्युटर, फर्निचरको लागि अनुदान दिनेछ ।
- यस वर्ष पत्रकारिता तालिम सञ्चालन गर्न नेपाल पत्रकार महासंघलाई रु १ लाख दिइनेछ । उक्त तालिममा अन्य साझेदार संस्थाहरू खोजी गरी चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।
- रिपोर्टर्स क्लब सञ्चालनमा सहयोग गरिनेछ ।
- जिल्ला हुलाक इलाममा द्रुत डाक सेवा र टेलिसेन्टर सञ्चालनका लागि अनुरोध गरिनेछ भने हुलाक बचत बैंकमार्फत उपलब्ध हुने ऋण सुविधा स्थानीय निकायका कर्मचारीहरूलाई समेत उपलब्ध गराउन अनुरोध गरिनेछ ।
- नगर सूचना केन्द्र र पर्यटन सूचना केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।
- नगरका महत्वपूर्ण केन्द्रहरू पहिचान गरी टोल विकास संस्थामार्फत सूचना पाटीको व्यवस्था गरिनेछ । यस वर्ष प्रत्येक वडामा १।१ वटाको दरले ९ वटा सूचना बोर्ड वितरण गरिनेछ ।
- उद्योग वाणिज्य संघसँग सहकार्य गरी कृषि उत्पादनहरूको साप्ताहिक बजार मूल्य सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइनेछ ।
- रेडियोको सुविधाबाट बञ्चित ७० वर्ष पूरा भएका बृद्धबृद्धाहरूमध्ये परिवारको १ जनालाई एफएम रेडियो उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय एफएम र स्थानीय पत्रपत्रिकाबाट नगरका गतिविधिहरूलाई साप्ताहिक रूपमा सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिका क्षेत्रभित्र बसी नियमित रूपमा लागि विकास, वातावरण र पर्यटनसँग सम्बन्धित पत्रकारिता गर्ने सामुदायिक एफएमका सम्वाददाता तथा राष्ट्रिय र साप्ताहिक पत्रिका तथा विद्युतीय सञ्चारमा कार्यरत सम्वाददताहरूमध्ये नेपाल पत्रकार महासङ्घले उत्कृष्ट पत्रकार पहिचान गरेको २ जना पत्रकारलाई रु ५ हजारका दरले नगरपालिका पत्रकारिता पुरस्कारलाई निरन्तरता दिइनेछ ।

**३.१३ साझेदारी निकायहरूसँग सहकार्य**

- नगरको व्यापार व्यवसाय, औद्योगिक क्रियाकलाप अभिबृद्धि, बजारको सौन्दर्य अभिबृद्धि लगायतका क्रियालकलापहरूलागि उद्योग वाणिज्य सङ्गसँग साझेदारी गरिनेछ ।
- आ.ब. ०६८।०६९ देखि व्यवसाय करबाट उठेको रकमको २५ प्रतिशत रकम उ.वा.संघलाई दिइनेछ । सो रकमको १० प्रतिशत सामाजिक क्षेत्रमा र १५ प्रतिशत रकम शहरी पूर्वाधार तथा संघको क्षमता अभिबृद्धि गर्ने कार्यमा खर्च गर्नु पर्नेछ ।
- वार्ड नं. १ र २ को उपयुक्त स्थानमा जग्गा छनौट गरी साना तथा निजी पसलघर नभएका व्यापारी व्यवसायीहरुको लागि सटर पसल निर्माण गर्न जग्गा व्यवस्थापन एवम् पूर्वाधार निर्माणको लागि निजी क्षेत्रको अग्रिम लगानी रकम जुटाउन न.पा. र उ.वा.संघको संयुक्त बैंक खाता खोली स्रोत संकलन गर्ने गरी सहकार्य गरिनेछ ।
- उ.वा.संघको साझेदारीमा सञ्चालित पर्यटन सूचना केन्द्रलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।
- PPP अवधारणालाई नगरको विकास अभियानमा आत्मसात गरेर कार्यक्रमहरू अगाडि बढाइनेछ र नगरपालिका, गैसस र सहकारी बीच साझेदारी/सहकार्य गर्ने नीतिलाई कायमै राखिनेछ ।
- नगरमा रहेका सुनगाभा, एनसीडी, आइसीसी, आरआरएन, रेडक्रस, महिला जागरण, महिला सिर्जना जस्ता क्रियाशील गैससलाई नगरमा विकास कार्यक्रम गर्नका लागि दातृ संस्था खोजी गर्ने कार्यमा परिचालन र सहयोग गरिनेछ ।
- सडक बोर्ड, जगेडा कोष र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ साझेदारी गरी विकास अभियानलाई तीव्र बनाइनेछ ।
- प्राकृतिक प्रकोप पीडित राहत कार्यक्रम र नगरस्तरीय विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालनका लागि रेडक्रस र एन सेटसँग साझेदारी गरिनेछ ।
- पशुबधशाला र मासु पसल क्षेत्र सुधारका लागि जिल्ला पशु सेवा कार्यालय, एनसीडीसी, सिम एनसँग साझेदारी गरिनेछ भने यस क्षेत्रमा रहेको खोल्सीको निकासलाई रिडवेड प्रणालीमार्फत शुद्धीकरणका लागि एनसीडीसीलाई सहयोग गरिनेछ ।

**३.१४ स्वास्थ्यसम्बन्धी**

- नगर रहेका स्वास्थ्यसम्बन्धी संघसंस्थामार्फत पिछडिएको वार्डमा स्वास्थ्यसम्बन्धी चेतना शिविर आयोजना गरिनेछ ।
- स्वास्थ्यसेवाजन्य फोहोर व्यवस्थापन समितिलाई सक्रिय गराई इलाम अस्पताल र सिंगफ्रिङ्ग सामुदायिक अस्पतालको सरसफाइलाई अझ प्रभावकारी बनाउन अटोक्लेभ, निडल डिस्ट्वायर, डस्टविन जस्ता सामाग्री व्यवस्थापनमा सहयोग गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम्सेविका कोष स्थापना गरी महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्रोत्साहित गरिनेछ । यस वर्ष उक्त कोषमा रु ५० हजार राखिनेछ ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरूको लागि एउटै पोसाक निर्धारण गरी वर्षमा २ जोर पोसाकको लागि रु २०००।०० का दरले पोसाक भत्ता दिइनेछ ।
- वडा नं. ५ मा शहरी स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य चौकी स्थापना गरिएको छ भने वार्ड नं. ६ को सिंहदेवी प्रा.वि. आसपासमा उप स्वास्थ्य चौकीको स्थापनामा जोड दिइनेछ ।
- नगरका जेष्ठ नागरिक, विधवा र अपाङ्गहरू समक्ष महिला स्वास्थ्य स्वयम्सेविकाको सेवा पुऱ्याउनका लागि सामाजिक सुरक्षा कार्यक्रमको भत्ता वितरण कार्यमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई परिचालन गरिनेछ । साथै महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई दिई आएको मासिक भत्तामा बृद्धि गरी रु ५००।०० का दरले मासिक भत्ता दिइनेछ ।
- सिंगफ्रिङ्ग सामुदायिक अस्पतालमा अनमि/नर्सिङ्ग कक्षा सञ्चालनका लागि दातृ निकाय खोजी गर्न सो अस्पताललाई सहयोग गरिने छ ।
- नेपाल परिवार नियोजन सङ्घको सेवालाई खोप केन्द्र र महिला स्वास्थ्य स्वयम्सेविकाहरूमार्फत वार्डवार्डमा विस्तार गर्न सहयोग गरिनेछ ।
- रक्त सञ्चार सेवा सञ्चालनमा रेडक्रसलाई सहयोग गरिनेछ । गरिब र असहाय व्यक्तिहरूको लागि रक्तसेवामा दिइदै आएको अनुदानलाई निरन्तर गरिनेछ ।
- क्यान्सर, मुटुरोग, मिर्गौलासम्बन्धी असाध्य रोग लागेका रोगीहरुलाई उपचारको लागि सहयोग गरिनेछ ।
- नगर क्षेत्रमा स्थायी बसोबास भई ७० वर्ष पूरा भएका बृद्धबृद्धाहरूले नयाँ दाँत लगाउँदा लागेको खर्च मध्ये डेन्टल हस्पिटलको बिल अनुसारको रकममा १५ प्रतिशत रकम न.पा.बाट अनुदान सहयोग गरिनेछ ।
- नगरमा एम्बुलेन्स सेवालाई अझ विस्तार गर्न एम्बुलेन्स सञ्चालक संघसंस्थालाई सहयोग गरिनेछ ।

**३.१५ कार्यालयको आन्तरिक व्यवस्थापन**

- न.पा.का सबै कर्मचारीहरुलाई कम्प्युटर तालिमको व्यवस्था गरिनेछ । यस वर्ष १० जना कर्मचारीलाई ल्यापटपको सुविधा उपलब्ध गराई सकिएको छ भने आगामी वर्षमा थप १५ जनालाई यो सुविधा उपलब्ध गराइनेछ ।
- कर्मचारी दरबन्दी पुनरावलोकन तथा संगठन एवम् क्षमता विकास योजना कार्यान्वयनका लागि पदपूर्ति समितिलाई सक्रिय गराई आवश्यक कामहरू गरिनेछ ।
- नगरपालिकामा १ घण्टा सेवा अवधारणा लागू गरिनेछ । सेवाग्राही कार्यालयमा प्रवेश गरेको १ घण्टा भित्रमा कार्य सम्पादन हुने व्यवस्था मिलाइनेछ ।
- लेखा, राजश्व र आलेप शाखालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ र यान्त्रिक एकाइ गठन गरी दक्ष जनशक्तिको व्यवस्थामा जोड दिइनेछ ।
- नगरवासीको गुनासो सुनुवाइ व्यवस्थापनका लागि नगरपालिकामा नोडल अधिकृतको क्रियाकलापलाई अझ व्यवस्थित र प्रभावकारी गरिनेछ ।
- गुनासो सुनुवाइको लागि इमेल/इन्टरनेट प्रविधि प्रयोगमा ल्याइएकोमा नगरपालिकाको सूचनालाई विद्युतीय माध्यमबाट प्रवाह गर्न डिस्प्ले बोर्ड राख्ने कार्य गरिनेछ ।
- नगरपालिकाको गतिविधि एफएममार्फत प्रचारप्रसार गर्ने कार्यलाई निरन्तरता दिदै चौमासिक बुलेटिन समेत प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।
- कर्मचारीहरूको क्षमता र दक्षता अभिबृद्धिको लागि तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- नगर सूचना केन्द, खानेपानी हेल्प डेस्क र दर्ताचलानी हेल्प डेस्कलाई व्यवस्थित गरी सेवाग्राहीको समस्या समाधानमा सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- सेवासुविधामा अझ प्रभावकारिता ल्याउन कर्मचारी संयन्त्रलाई उत्प्रेरित हुने खालका कार्यक्रमहरू लागू गरिने छ । कामप्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन र सेवाप्रति लापरवाही गर्ने कर्मचारीलाई सूचाङ्कको आधारमा दण्डित गरिनेछ ।
- कर्मचारीहरूमा अधिकार प्रत्यायोजनमार्फत न.पा. को सेवासुविधालाई छिटोछरितो गर्ने व्यवस्था मिलाइनेछ ।
- न.पा. का सबै कर्मचारीहरूलाई पोसाकको व्यवस्था गरिनेछ ।
- नगरपालिका कर्मचारी प्रशासनसम्बन्धी विनियम अनुसार वृत्ति विकासको लागि बढुवा, स्तरबृद्धि, दक्षता अभिबृद्धि, तालिम जस्ता सेवा सुविधाको व्यवस्थापन गरी कर्मचारीहरूलाई हरदम उत्प्रेरित गरिनेछ ।

- नगरको विकास अभियान तथा सामाजिक विकासका गतिविधि गर्नका लागि नेपाल नगरपालिका कर्मचारी एसोसिएसन इलामलाई रु १ लाख अनुदान दिई उत्प्रेरित गरिनेछ ।
- नगरपालिकाअन्तर्गत रहेको जग्गा जमिन र संरचनाहरूको लगत अद्यावधिक गरिनेछ र यस्ता जग्गाजमिन तथा संरचनाको संरक्षण र सुरक्षा गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- वडा भवनहरूलाई सदुपयोग गर्दै सो वडा भवनमार्फत घुम्ती सेवा सुविधा सञ्चालन गरिनेछ ।

**३.१६ अन्य**

- १४ औ नगर परिषद्बाट पारित कार्यक्रम तथा १५ औ नगर परिषदको लागि वडा भेला तथा सरोकारवाला सङ्घसंस्थाहरूको भेलाबाट प्राप्त भएका योजना तथा सुझावहरूलाई योजना बैंकको रूपमा राखी क्रमशः कार्यान्वयन गरिदै लगिनेछ ।
- यस वर्ष वंशजको नाताबाट गरिने नागरिकता सिफारिसमा लाग्ने दस्तुर छुट गरिनेछ ।
- भैपरी तथा आर्थिक सहायतासम्बन्धमा अनुसूची ४ अनुसार गरिनेछ ।
- यस वर्ष घरनक्सापासमा गोविन्दे शैली र वर्षादको पानी सङ्कलन प्रविधि र अण्डरग्राउण्ड पानी ट्याङकी निर्माण भएको घरलाई नक्सापास दस्तुरमा लागेको रकमको ५० प्रतिशत रकम सम्बन्धित घरधनीलाई फिर्ता गरिनेछ ।
- पुरानो घरको नक्सापास गर्नको लागि यस वर्ष नक्सापास वर्ष घोषणा गरिनेछ । ५ वर्ष अगाडि बनेको घरको नक्सापास गर्दा नक्सापासमा लाग्ने राजश्वमा ४० प्रतिशतले छुट दिइनेछ ।
- बजार क्षेत्रमा निर्माण भएका व्यावसायिक घरहरूको लगत राखी नम्बरिङ्ग गर्ने कार्य गरिनेछ ।
- इलाम नगर क्षेत्रको मुलघाटको रूपमा रहेको माइखोला घाटको व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

इलाम नगरपालिकाको १५ औ नगर परिषद्मा आफ्नो व्यस्त समयका वावजुद अमूल्य समय दिएर प्रमुख आतिथ्यता ग्रहण गर्नु हुने माननीय स्थानीय विकास मन्त्रीज्यूप्रति नगर परिषद्को तर्फबाट आभार व्यक्त गर्दै इलाम नगरपालिकालाई हरित नगरीको रूपमा निर्माण गर्न नगर परिषद्बाट प्रस्तावित योजनाहरू कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गरि दिन हुन अनुरोध गर्दछौ ।

इलाम न.पा.मा निर्माण हुन गइरहेको राष्ट्रिय विभुति फाल्गुनन्द सुकिलुम्वा विमानस्थलको शिलान्यास कार्यक्रममा उपस्थित भई विमानस्थल निर्माणलाई उच्च प्राथमिकता प्रदान गर्नु भएकोमा सम्माननीय प्रधान मन्त्रीज्यूप्रति आभार व्यक्त गर्दछु । यसैगरी विमानस्थललाई आफ्नो अमूल्य योगदान प्रदान गर्नु हुने सम्माननीय संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग, माननीय सभासद के.बी. गुरुङ्ग, पदमलाल विश्वकर्मा, निर्मला प्रसाई, शकुन्तला लेप्चा, टिकाराम लेप्चा, बिष्णु राई लगायत जि.वि.स. इलाम, गा.वि.स.हरू, राजनैतिक दलहरु, उद्योगी व्यवसायी, स्थानीय बासिन्दाहरु, नागरिक समाज, स्थानीय जग्गादाता सबैमा आभार व्यक्त गर्दै विमानस्थल निर्माणको कार्यमा सदैव सहयोगको अपेक्षा राख्दछौ ।

आजको यस गरिमामय नगर परिषद्को नगरको तर्फबाट विकास योजना सार्वजनिक गर्ने कार्यक्रममा उपस्थित सबैमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु र यसको कार्यान्वयनमा सक्रिय सहयोगको अपेक्षा राख्दछु । हाम्रो यो कार्यक्रम सञ्चालन गर्न हल व्यवस्थापनमा सहयोग गर्नु हुने जि.वि.स. इलाम परिवारलाई धन्यवाद दिन चाहन्छु ।

# १५ औ नगर परिषद्को नीति कार्यक्रमसँगसम्बन्धित अनुसूचीहरू

**शिक्षा र खेलकूदतर्फ**

- सन् २०२५ सम्ममा म.र.ब.क्याम्पस इलामलाई विश्व विद्यालयमा परिणत गर्नका लागि दीर्घकालीन र आवधिक गुरुयोजना तयार गर्न सहयोग गरिनेछ भने इलाम विश्व विद्यालयको लागि आवश्यक पर्ने ऐन नियम तर्जुमाका लागि नेपाल सरकारमा अनुरोध गरिनेछ ।
- माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि नगरपालिकामा एक दिन कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक १५ दिनमा १ वटा मा.वि. का विद्यार्थीहरूको नगरपालिका भ्रमण गराई सेवा प्रवाहीकरण, व्यक्तिगत घटना दर्ता तथा वातावरण र सरसफाइसम्बन्धी जानकारी गराइनेछ र भ्रमण प्याकेजमा पर्यटन सूचना केन्द्र, मदन आश्रित वाचनालय, सुनगाभा स्रोत केन्द्र तथा अरनिको सांस्कृतिक संग्रहालय, खाल्डे ल्याण्डफिल साइट र बालनगाउँ हुँदै भालुढुंगा क्षेत्रलाई पनि समावेश गराइनेछ ।
- नगर खेलकूद विकास समितिलाई पुनरगठन गरिनेछ र पूर्वाञ्चलस्तरीय अन्तर नगर फुटवल प्रतियोगिता आयोजना गरिनेछ ।
- नगरपालिकामा फ्ल्यास रिपोर्ट तथा अन्य प्रगति प्रतिवेदनहरू नियमित पठाउने विद्यालयहरूलाई नगरपालिकाबाट सहयोग गर्ने नीति लिइनेछ ।
- विद्यालय भवन, पुस्तकालय भवन, विद्यालयमा शौचालय निर्माणमा भारतीय दूतावास, जर्मन दूतावास PSD, RRN, SEAM N, REED जस्ता दातृ संस्थाको सहयोग जुटाउन सुनगाभा, NCDC जस्ता गैससलाई परिचालन गरी म्याचिङ्ग फण्ड जुटाउन सहयोग गरिनेछ ।
- विद्यालय वातावरण प्रवर्द्धन र वातावरणीय सरसफाईसम्बन्धी कार्यक्रम SEAM N जस्ता दातृ संस्थाको सहयोग लिएर सञ्चालन गरिनेछ भने विद्यालयमा संस्थागत शौचालय निर्माणको कार्यक्रम ल्याइनेछ ।
- शैक्षिक विकासका लागि नि.मा.वि. बाट मा.वि.मा स्तरबृद्धि हुने विद्यालयलाई १ लाख र मा.वि.बाट उच्च मा.वि. हुनेलाई रु २ लाख रुपैया अनुदान दिइनेछ ।
- भगवती मा.वि. इलामलाई स्तरबृद्धि गरी उच्च मा.वि. बनाउन सहयोग गरिनेछ ।
- क्याम्पस तथा उच्च मा.वि.मा अनुसन्धान कार्यमा संलग्न विद्यार्थीलाई सहयोग गरिनेछ भने कक्षा ९, १०, ११ र १२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई सामाजिक परिचालन तालिमको व्यवस्था गरिनेछ ।

**पर्यटन तथा संस्कृतितर्फ**

- सन् २०११ को पर्यटन वर्षलाई दृष्टिगत गर्दै उद्योग वाणिज्य संघ इलामसँग साझेदारीमा सञ्चालित पर्यटन सूचना केन्द्रलाई व्यवस्थापन योजना तयार गरी अझ व्यवस्थित गरिनेछ । पूर्वाञ्चल क्षेत्रका नगरपालिकासँग पर्यटनसम्बन्धी साझेदारी संझौता गरिनेछ र पर्यटकीय आदानप्रदानका लागि भारतका गान्टोक, दार्जिलिङ्ग र मिरिकसँग सम्बन्ध विस्तार गरिनेछ ।
- इलाम र यसको वरिपरिको पर्यटकीय विकासका लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनअन्तर्गतको सासेकमार्फत बंगलादेश र भारतको सिमाना नजिकैको सुन्दरबनदेखि कोलाकाता हुँदै बिराटनगर/भद्रपुर भएर इलामबजार हुँदै माइपोखरी, सन्दकपुर हुँद्रै दार्जिलिङ्ग देखि सिक्किम हुँदै सिलिगुडी र कोलकातासम्मको करिब १० दिने पर्यटकीय रुटलाई बढीभन्दा बढी प्रचारप्रसार गरी भ्रमण प्याकेज तयार गर्नका लागि उद्योग वाणिज्य सङ्घलाई परिचालन गर्दै यस कार्यमा सहयोगको लागि नेपाल पर्यटन बोर्ड, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनअन्तर्गतको सासेक र भारतको कोलकातास्थित नेपाली महावाणिज्यदूतको कार्यालयमा अनुरोध गरिनेछ ।
- पर्यटकीय सौन्दर्य अभिबृद्धिका लागि राजदुवालीदेखि बुद्धनगरसम्म राजमार्गको दायाँबायाँ, महानन्दचोकदेखि चोकबजार, मालापथ हुँदै भृकुटीचोकसम्म सडकको दायाँबायाँ फूलले सजाउने, सडकको अग्रभागतर्फ बार्दलीमा लुगाफाटा सुकाउने प्रचलनलाई बन्द गराउने, यस क्षेत्रका सिकुवा/पेटीमा रहेको चुल्हा र सिकुवा/पेटी अगाडिको लाछी/छाप्रालाई कडाइका साथ हटाउने र सडकको दायाँबायाँ २५ मिटरको क्षेत्रभित्र भएका सुँगुर/बँगुर लगायत पशु पंक्षीको खोर हटाई सो क्षेत्रदेखि बाहिर सार्न लगाउने विगतको निर्णयलाई यस वर्ष पनि निरन्तर कार्यान्वयन गरिनेछ ।
- पर्यटन वर्ष २०११ लाई लक्षित गरी २०६६।११।२१ मा स्वीकृत गरिएको पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै पर्यटन प्रवर्द्धनसम्बन्धी अन्य गतिविधिहरूलाई निरन्तरता दिइनेछ र जिल्ला विकास समितिबाट तयार गरिएको पर्यटन गुरुयोजना अनुसारको कार्यक्रमलाई सहयोग गरिनेछ ।
- ओपीधारा क्षेत्रबाट निस्कने निकासलाई रेडक्रस भवनपश्चिममा रिडवेड प्रविधिबाट शुद्धीकरण गरेर रानीपोखरीमा हालिनेछ, रानीपोखरी, मालकुवा र चियाबारी पोखरी पुरिएकोले सो ऐतिहासिक पोखरीहरूको जीर्णोद्धारका लागि उत्खनन, रेलिङ्ग, सोलिङ्ग, फेन्सिङ्ग, बायो इन्जिनियरिङ्ग र पोखरी कनेक्सनको काम प्रारम्भ गरिएको छ भने चियाबारी क्षेत्रमा ठाउँ ठाउँमा विश्राम चौतारा निर्माण गरिनेछ ।
- धार्मिक क्षेत्र विकास समिति सञ्चालनका लागि अनुदान दिने नीति कायमै राखिनेछ । धार्मिक क्षेत्रहरूलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउने क्रियाकलाप अभिबृद्धि गर्दै नयाँ संरचना निर्माणका निरुत्साहित गरी जीर्णोद्धारका कार्य गरेर ऐतिहासिक तथा धार्मिक क्षेत्रको संरक्षण गरिनेछ ।

- धेछेन छ्योग ग्यूरलिङ्ग गुम्वालाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन गुम्वा व्यवस्था तथा विकास समितिबाट सहयोग उपलब्ध हुन सुरु भएकोले सो कार्यमा निरन्तरताको लागि अनुरोध गरिनेछ ।
- सानो टुँडिखेललाई खुला क्षेत्रको रूपमा राखी उद्यानको रूपमा विकसित गरिनेछ । यस कार्यको लागि सुनगाभा, जिल्ला खेलकुद विकास समिति र माइस्थान धार्मिक क्षेत्र विकास समितिलाई परिचालन गरिनेछ ।

**ग्रिनसिटी निर्माणसम्बन्धी**

- सन् २०१२ देखि इलाम नगरलाई ग्रिनसिटीमा बनाउने कार्यका लागि कार्य योजना तयार गरिनेछ र ग्रिनसिटी निर्माणका लागि टोल विकास संस्था लगायत अन्य सहयोगी संस्थाहरुलाई परिचालन गरिनेछ ।
- नगर क्षेत्रका सडकहरूको स्तरोन्नतिका लागि ढलनालीलाई व्यवस्थित गर्दै लैजाने कार्यलाई क्रमशः जारी राखिनेछ । ढलनालीको नामावली अनुसूचीमा राखिएको छ ।
- ढलनाली निर्माण गर्दा पानीको बहाव, वातावरण तथा जमिनमा पानी रिचार्ज गर्ने कार्य र खोल्सी संरक्षणलाई ध्यान दिइनेछ । ग्रिनसिटी निर्माण पूर्वाधारका लागि ढलनालीलाई व्यवस्थित गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- बिवाह दर्ता तथा जन्म दर्ता गर्दा प्रत्येकले २ वटा विरुवा रोपेको प्रमाण पेश गरेमा वा महिला स्वयम्सेविकाबाट प्रमाणित गराएमा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिइनेछ ।
- सिंहबाहिनी मन्दिर हातभित्रको ढलनालीलाई डाइभर्ट गरी पूर्वतर्फको खोल्सीमा व्यवस्थापन गरी सिंहबाहिनी मन्दिर क्षेत्रमा गुरुयोजना अनुसार वृक्षारोपणको कार्य गरिनेछ ।
- नगर क्षेत्रभित्रका स्थानीय खानेपानी मुहान क्षेत्रमा पानी अभिबृद्धि गर्ने खालका विरुवा वृक्षारोपणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनसँग साझेदारी गरी पुवाखोला र माइखोलाको संगम क्षेत्रमा वन संरक्षणको विशेष कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- नगरका विभिन्न खोल्सीहरूलाई पहिरो रोकथामका लागि गेवियन वाल र बृक्षारोपण कार्य गरिनेछ भने खोल्सीमा बग्ने पानीलाई शुद्धीकरणका लागि रिडवेड प्रविधिलाई जोड दिइनेछ ।
- झ्याङ्कुरे खोल्सी, सिंहबाहिनी खोल्सी, हात्तीसुड खोल्सी, छ्याङ्छ्याङ्गे खोल्सी, नालीधारा खोल्सीका दायाँबायाँमा तारजालीको काम गरी रुद्राक्ष, उत्तिस र स्थानीय जातका विरुवा बृक्षारोपण गरी संरक्षण गरिनेछ ।

**सामाजिक सुरक्षा तथा सामुदायिक विकास, वातावरण र गरिबी न्यूनीकरण**

- नगरपालिका साझेदारी विकास कोषबाट नगरका सहकारी संस्था, कोसेलीघर र कृषि सेवा केन्द्र जस्ता संस्थाहरूलाई कृषिजन्य उत्पादनको बजारीकरणका लागि सहुलियत व्याज दरमा ऋण सुविधा उपलब्ध गराइनेछ ।
- वातावरण उपसमितिलाई सक्रिय गराई विविध क्रियाकलाप सञ्चालन गर्दै खाल्डे ल्याण्डफिल साइटको पूर्वाधारको काम गरिनेछ , यस कार्यको लागि फिनल्याण्ड सरकारसँग अनुरोध गरिनेछ ।
- प्लास्टिक प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन सिम एन, उ.वा.संघ र अपाङ्ग एकता समाजसँग सहकार्य गरिनेछ ।
- सिम एनको साझेदारीमा सुलभ चर्पी, धुँवारहित चुल्हो, बायोग्यास प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी टोल विकास संस्था र समुदायलाई परिचालन गरिनेछ ।
- स्वरोजगारमा अभिप्रेरित तथा वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई तालिमको प्रमाणपत्र अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ र सो कार्यका लागि सीपमूलक तालिमहरू निरन्तर सञ्चालन गर्नमा सहयोग गरिनेछ ।
- टोल विकास संस्थाहरूको बचतलाई आयमूलक कार्यमा लगाउन प्रोत्साहित गरिनेछ । न.पा. क्षेत्रभित्र विभिन्न गैससमार्फत निर्माण/गठन भएका बचत समूहहरूलाई टोल विकास संस्थामार्फत सहयोग गरिनेछ ।

**शहरी विकास तथा पूर्वाधार**

- इलाम नगरपालिकाको वडा नं. २ लाई वैज्ञानिक ढङ्गले विभाजन गरी नगरलाई ११ वार्ड बनाउन नेपाल सरकारमा अनुरोध गरिनेछ ।
- इलाम नगरको बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न सडक तथा ढल सञ्जालको गुरुयोजना निर्माण, जग्गा एकीकरण कार्यक्रम सञ्चालन,. स्वस्थ शहरको Profile निर्माण र सञ्चालन, UEIP कार्यक्रम सञ्चालन गर्न शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गरिनेछ र यस कार्यमा यूडीएलई/जीआईजेडसँग सहकार्य गरिनेछ ।

**साझेदारी निकायहरूसँग सहकार्य**

- मेची पहाडी यातायात संघको कार्यालयलाई यात्री बुकिङ्ग काउन्टरको माथिल्लो तलामा स्थानान्तरण गरी हाल मे.प.या. संघको कार्यालय रहेको ठाउँमा पर्यटन सूचना केन्द्र व्यवस्थित गरिनेछ र यस भवनको जमिन तलामा मदनआस्रित वाचनालयलाई गैससँग साझेदारी गरी अझ व्यवस्थित गरेर सञ्चालन गरिनेछ ।
- कृषि तथा पशु बजार पूर्वाधार विकास कार्यक्रमको लागि सीएडीपी, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु विकास कार्यालय र आदर्श नमुना उच्च मा.वि.सँग साझेदारी गरिने छ ।

**कार्यालयको आन्तरिक व्यवस्थापन**

- नगरपालिका भवन निर्माणको लागि शान्ति मन्त्रालयमा प्रस्ताव पेश गरिएको छ भने नगरपालिका कार्यालयलाई व्यवस्थित गर्नका लागि आवश्यक फर्निचर, तथा कम्प्युटर र अन्य उपकरण साथै जेनेरेटरको व्यवस्थापन गरिनेछ ।

- कर्मचारी कल्याण कोषमा अन्य स्रोतबाट समेत रकम उपलब्ध गराई कोषलाई सशक्त बनाइनेछ र कोषलाई निर्देशिका अनुसार सञ्चालन गरिनेछ ।
- नगरपालिका अन्तर्गतका सटर पसलहरूको भाडादर पुनरावलोकन गरी निजी लगानीकर्ताको धरौटी फिर्ता गर्दै जाने नीति अवलम्बन गरिनेछ ।
- विगत द्वन्द्वकालमा ध्वस्त भएका वडाभवनहरूको पुननिर्माण तथा मर्मतसुधारका लागि शान्ति तथा पुनः निर्माण मन्त्रालयमा पहल गरिनेछ ।

## अन्य प्रस्ताव/निर्णयहरू

(१) मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश भइसकेको परिप्रेक्ष्यमा इलामलाई सङ्घीय राज्यको राजधानी बनाउने विषयमा सम्पूर्ण राजनैतिक दल सहमत भएको र संविधान सभाको राज्य पुनसंरचना समितिबाट सिफारिस भएको हुनाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य पुनः संरचनामा इलामलाई सङ्घीय राज्यको राजधानी बनाउने तर्फ आवश्यक निर्णय हुन जिल्ला परिषदबाट समेत निर्णय भइसकेकोले नेपाल सरकार/संविधान सभामा पुनः अनुरोध गर्ने ।

(२) इलाम एउटा पर्यटकीय क्षेत्र भएको, भविष्यमा इलाम सङ्घीय राज्यको राजधानीको रूपमा विकसित हुने संभावना रहेको इलामलाई अन्तराष्ट्रिय विमानस्थलसँग जोडेर हवाई मार्ग सुगम बनाउन आवश्यक भएको हुँदा सुकिलुम्बा विमान स्थल निर्माणमा स्थानीयस्तरबाट जग्गा उपलब्ध भई सम्माननीय प्रधान मन्त्रीज्यूबाट शिलान्यास समेत भइसकेको हुनाले सुकिलुम्बामा हवाई मैदान निर्माण गरि दिन पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने ।

(३) विगत १७/१८ वर्ष अगाडि डिजाइन गरेर निर्माण गरिएको इलामको खानेपानी पूर्वाधारले वर्तमान आवश्यकतालाई धान्न नसकेको र नगरको खानेपानीको आवश्यकतालाई मध्यनजर गर्दा क्षमता विस्तार गर्नु अति जरुरी भइसकेको साथै भविष्यमा इलाम सङ्घीय राज्यको राजधानी तथा पर्यटकीय केन्द्रको रूपमा विकसित हुने सन्दर्भमा इलाम खानेपानी योजनाको क्षमता विस्तार र स्तरोन्नति गर्नु जरुरी भएकोले सो को लागि जिल्ला परिषदबाट समेत निर्णय भइसकेको हुनाले नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालयमा पुनः अनुरोध गर्ने ।

(४) नगर क्षेत्रमा शहरीकरण अभिबृद्धि भइरहेको सन्दर्भमा सतह ढललाई व्यवस्थित गरेर लैजानु पर्ने भएको र विभिन्न खोल्सीहरू वर्षेनी हुने कटानलाई रोकथामको लागि समेत व्यवस्थित सतह ढल निर्माण योजना कार्यान्वयन गर्नु आवश्यक रहेको हुँदा ट्रिटमेण्ट प्लाण्टसहित सतह ढल निर्माणको लागि जिल्ला परिषदबाट समेत निर्णय भई अनुरोध भइसकेको हुनाले खानेपानी तथा ढल निकास विभागमा पुनः अनुरोध गर्ने ।

(५) इलाम नगर क्षेत्र भित्रको चक्रपथ निर्माण कार्यलाई व्यवस्थित र योजनाबद्ध ढंगले गर्नका लागि चक्रपथहरुको सर्भे तथा नक्साङ्कन गरि गुरुयोजना तयार गर्न आवश्यक देखिएको हुँदा सडक विभागको बजेट व्यवस्थापन र शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक सहयोगमा सो कार्य गरि दिन अनुरोध गर्ने ।

(६) इलाम नगरको बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न Base Map को उपयोगको लागि स्थलगत तालिम सञ्चालन, सडक तथा ढल सञ्जालको गुरुयोजना निर्माण, जग्गा एकीकरण कार्यक्रम सञ्चालन,. स्वस्थ शहरको Profile निर्माण र सञ्चालन, UEIP कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको हुनाले तत्सम्बन्धी कार्य गरि दिन शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गर्ने ।

(७) इलाम नगरपालिका क्षेत्रको खानेपानी व्यवस्थापन तथा वितरणको कार्य इलाम नगरपालिकामार्फत भइरहेको सन्दर्भमा इलाम नगरपालिकाको बढ्दो जनसंख्या, पुरानो पाइपलाइन र वितरण प्रणाली साथै जीर्ण संरचनालाई समयानुकूल मर्मतसुधार एवम् भविष्यमा इलाम सङ्घीय राज्यको राजधानी र एउटा पर्यटकीय केन्द्रको रूपमा विकसित हुने संभावना रहेको कुरालाई समेत दृष्टिगत गर्दा नगरको खानेपानीलाई व्यवस्थित गर्न ध्यान दिनु पर्ने भएकोले सो कार्यको लागि Water safty plan लाई वर्षेनी निरन्तरता दिनु आवश्यक रहेको हुनाले सो को लागि वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) नयाँबानेश्वर, काठमाडौमा अनुरोध गर्ने ।

(८) इलाम नगरपालिका क्षेत्रको खानेपानी व्यवस्थापन तथा वितरणको कार्य इलाम नगरपालिकामार्फत भइरहेको सन्दर्भमा इलाम नगरपालिकाको बढ्दो जनसंख्या, पुरानो पाइपलाइन र वितरण प्रणाली साथै जीर्ण संरचनालाई समयानुकूल मर्मतसुधार एवम् भविष्यमा इलाम सङ्घीय राज्यको राजधानी र एउटा पर्यटकीय केन्द्रको रूपमा विकसित हुने संभावना रहेको कुरालाई समेत दृष्टिगत गर्दा नगरको खानेपानीलाई व्यवस्थित गर्न ध्यान दिनु पर्ने भएकोले नगरको नगरको खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गर्न Water demand assesment तयार गर्नु आवश्यक भएको हुनाले सो को लागि नेपाल नगरपालिका सङ्घमार्फत एकीकृत शहरी विकास केन्द्र गुसिङ्गल, सानेपा, ललितपुरमा अनुरोध गर्ने ।

(९)नेपालको सबैभन्दा पुरानो इलाम चिया कारखाना र बगान क्षेत्रलाई संरक्षण गर्न र चियासम्बन्धी अध्ययन अनुसन्धान गर्ने थलोको रूपमा विकास गर्न नेपाल सरकारसँग अनुरोध गर्ने ।

## अनुसूची १

**कृषि सडक कार्यक्रमतर्फ**

- ○ अवालेगोलाइ सिङ्गफ्रिङ्ग अठारे सडक
- ○ सालडाडा चम्पादेवी सडक
- ○ ठुटेबर रातमाटे अठारे माइखोला सडक
- ○ बीपी मार्ग (तोरीबारी जाने सडक)
- ○ विद्या प्रा.वि. बौद्धपार्क बाटो
- ○ रत्नचोक इन्टेक बाटो
- ○ पुवाजुङ्ग भाङ्गटार हुँदै सोयाक बाटो

- **सडक बोर्डतर्फ** आ.ब. ०६८।०६९ मा निम्न सडकलाई प्राथमिकतामा राखी १४ औ नगर परिषद्को निर्णयानुसारको सडकलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।
  - ○ बेनी मार्ग (भाग २)
  - ○ ३ नं.वडाभवनबाट इन्टेक जाने बाटो सम्मको सडक
  - ○ गढीथुम्का बाटो (पिचदेखि सैनिक क्याम्पसम्म)
  - ○ वार्ड नं. ५ रिङ्ग रोड
  - ○ दूरसञ्चारबाट अदालत हुँदै जिविस गेस्ट हाउससम्मको बाटो
  - ○ सिंगफ्रिङ्ग अस्पताल घोष बरबोटे बाटो
- यसैगरी कालोपत्रे गर्ने सडक तथा सिढी/रेलिङ्गसहितको बाटो निर्माण सम्बन्धमा १४ औ नगर परिषद्को निर्णयानुसार क्रमशः कार्यान्वियन.गरिनेछ ।

## अनुसूची २

### लक्षित समूहअन्तर्गत आदिवासी जनजाति, महिला, दलित अपाङ्ग, बालबालिकासँग सम्बन्धित कार्यक्रम

### आदिवासी जनजाति, दलित

- आदिवासी जनजाति, महिला, अपाङ्ग सम्बन्धी कार्यक्रम छनौट, सञ्चालन, अनुगमन, मूल्याङकन गर्न सबै क्षेत्रको प्रतिनिधिमूलक उपस्थिति सुनिश्चित गरी सामुदायिक विकास शाखाको सहयोगका लागि एक समिति निर्माण गरिनेछ।
- आदिवासी जनजाति महासंघमार्फत स्थानीय भाषाको पाठ्यपुस्तक व्यवस्थापनमा सहयोग गरिनेछ।
- स्थानीय स्वायत्त शासन ऐन र नियमावली तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्ग निर्देशनका आधारमा आदिवासी जनजाति उत्थान कार्यक्रम, दलित उत्थान कार्यक्रम र महिला विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिदै आएको नीतिलाई निरन्तरता दिइनेछ।
- आदिवासी जनजाति र दलितहरूलाई लक्षित समूह मानेर विभिन्न किसिमका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ भने पुष्पखेती तथा व्यवसायलाई उत्प्रेरित गरिनेछ।
- नगरस्तरीय दलित समन्वय समितिलाई सक्रिय गराइनेछ र नगरपालिकाले गठन गर्ने हरेक समिति, उपसमितिहरूमा आदिवासी, जनजाति, महिला र दलितहरूको प्रतिनिधित्व गराइनेछ।
- आदिवासी जनजाति र दलितहरूको लागि पेशागत दक्षता अभिबृद्धि गर्न विभिन्न सीपमूलक तालिममा जोड दिई नगरपालिका साझेदारी विकास कोषबाट ऋण सुविधाको व्यवस्था गरिनेछ।
- बालीघरे प्रथा उन्मुलन गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिका क्षेत्रमा बालीघरे दलितहरूको पहिचान गरी दलित संघसंस्थाहरूबाट प्राप्त प्रस्तावका आधारमा अन्य व्यवसाय गर्न प्रोत्साहित गरिनेछ।
- एसएलसी परीक्षामा सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी अङ्क ल्याउने १ जना दलित छात्रा र १ जना छात्रलाई रु ५ हजारका दरले नगरपालिका जेहेन्दार दलित पुरस्कार दिइनेछ।

### महिला

- मातृशिशु सुरक्षाका लागि प्रजजन कोष स्थापना गरी सहयोग गरिनेछ।
- महिलाहरूको लागि लोकसेवा आयोगको तयारी कक्षा सञ्चालनमा सहयोग गरिनेछ।
- घरेलु हिंसा तथा चेलीबेटी बेचबिखन न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ र पीडित महिलाहरूको लागि महिला कानुनी परामर्श सेवा सञ्चालन तथा नगर पारालिगल समितिलाई सहयोग गरिनेछ।
- एकल महिला समाजको भवन निर्माणमा सहयोग गरिनेछ।
- सामाजिक परिचालन तथा गरिबी न्यूनीकरणका कार्यक्रममा महिलालाई बढीभन्दा बढी सहभागी गराइनेछ।
- नगरपालिका साझेदारी विकास कोषको ऋण सहयोगमा महिला समूहको लागि व्याजदरमा २ प्रतिशत प्रतिशत छुट गरिने छ। यसरी प्रदान गरिएको ऋण सहयोगबाट आयआर्जन र महिला सशक्तीकरणको क्षेत्रमा काम गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। होटल व्यवसाय र कोसेलीघरका लागि रु ५० हजारसम्म ऋण दिने नीतिलाई निरन्तरता दिइनेछ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई अझ सशक्त, दक्ष बनाउँदै सेवासुविधा विस्तार गरिनेछ।
- युवा एकल महिलाहरूको लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ र एकल महिलाहरूको लागि सहुलियत दरमा यस वर्ष २ वटा सामुहिक आय आर्जनका कार्यक्रम सञ्चालन गर्न रु ३५ हजारका दरले सहुलियत दरमा ऋण दिइनेछ।
- नगरपालिकाबाट गठन हुने विभिन्न समिति, उपसमितिहरूमा महिलाको प्रतिनिधित्व गराइनेछ।

- राजदुवालीस्थित बृद्धाश्रमका महिलाहरूको लागि वार्षिक २ क्विन्टल चामल, २० केजी दाल, १० केजी चिनी, १० केजी नुन र जाडो महिनामा प्रति महिला १ थान स्विटर उपलब्ध गराई सहयोग गरिनेछ ।

**अपाङ्ग**

- अपाङ्ग संघको भवन निर्माणमा सहयोग गरिनेछ भने अपाङ्गहरूलाई सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।
- अपाङ्ग व्यक्तिहरूलाई न.पा.बाट सहयोग उपलब्ध गराउने नीतिलाई निरन्तरता दिदै असहाय अपाङ्ग सहयोग कार्यक्रममा बजेट विनियोजन गरिनेछ ।
- बालमन्दिरस्थित दृष्टिविहीन तथा अनाथ बालबालिकाहरूको लागि सहयोग गरिनेछ र बालमन्दिरमा जडान भएको खानेपानीको सेवा शुल्कको लागि अनुदान दिइनेछ । दृष्टिविहीन तथा अनाथ बालबालिकाको लागि वार्षिक २ क्विन्टल चामल दिइनेछ ।
- अपाङ्गहरूको लागि सामुहिक व्यावसायिक खेती तथा बजारीकरणका लागि रु ५० हजार साझेदारी कोषबाट सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ ।

**बालबालिका**

- बालबालिकाहरूको विकासका लागि बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ
- मातृशिशु स्वास्थ्यका लागि नगर क्षेत्रमा स्थायी बसोबास भएका व्यक्तिको इलाम अस्पताल र डा.मेघबहादुर पराजुली सामुदायिक अस्पतालमा जन्मिएको बच्चाको लागि प्याकेज सुविधा (गाईको घिउ १ केजी, सखर १ केजी, फुलालाइन कपडा १ मिटर, ज्वानो आधा केजी) अस्पतालको पत्र प्राप्त हुनासाथ महिला स्वास्थ्य स्वयम्सेविकामार्फत र जन्मिएको ३५ दिन भित्र जन्म दर्ता गराई जन्मदर्ता पेश भएपश्चात पुनः १ पाकेट बेवी पेक (साबुन, पाउडर, मालिसतेल), १ केजी मिस्री, मेडिकल रिपोर्ट अनुसार ३० ट्याब्लेट आइरन चक्की) उपलब्ध गराइने छ ।
- इलाम चिया कमान हाताभित्र रहेको शिशु स्याहार केन्द्र सञ्चालनमा सहयोग गरिनेछ, सो केन्द्रमा बाल विकास केन्द्र सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइनेछ ।
- बाल विकास केन्द्रहरूलाई सहयोग गरिनेछ भने बालबालिकाहरूको लागि खोप कार्यक्रम संचालन गरिनेछ ।
- कक्षा १ देखि ३ कक्षासम्म पढने प्राथमिक तहका बालबालिकाहरूको लागि स्वास्थ्य शिक्षा, जुकाको औषधि, हातधुने साबुन, ब्रस, टुथपेस्ट, रुमाल, नङ्ग काटने साधन वितरण गर्ने कार्यलाई निरन्तरता दिदै अन्य प्रा.वि.मा विस्तार गरिनेछ ।

**अनुसूची ३**

**सडक तथा ढलनालीहरूको नामावली**

- बजार क्षेत्रका बाटोहरू
  - भक्तबहादुर देवान मार्ग
  - पदमबहादुर देवान मार्ग
  - पं. रामहरि मार्ग
  - अनिल मार्ग
  - सेतीदेवी मार्ग
  - फुलगाछी बाटो
  - टुँडिखेल गोलाखर्क बाटो
  - वन कार्यालय आदर्श नि.मा.वि. बाटो
  - बी.पी. मार्ग
- भन्ज्याङ्ग केन्द्रित बाटोहरू
  - भन्ज्याङ्ग पुवाखोला रातेदोभान बाटो
  - भन्ज्याङ्ग कुडुले सडक
  - भन्ज्याङ्ग केउरेनी कुमिटार सटके सडक
  - भन्ज्याङ्ग जनताटोल ओफारे पुवाखोला सडक
  - भन्ज्याङ्ग पुवाजुङ्ग राकासे सोयाक सडक
- तिल्केनी स्कुल केन्द्रित बाटोहरू
  - तिल्केनी स्कुल ऐटनीधारा खप्परे माइखोला सडक
  - तिल्केनी स्कुल बज्रदेवी माइखोला सडक
  - तिल्केनी स्कुल बौद्धपार्क महभिर सडक
  - महभिर स्कुल केन्द्रित बाटोहरू
  - तिल्केनी स्कुल ऐटनधारा खप्परे पुवामाइ भवन सडक
  - महभिर तिल्केनी मोड सडक
  - महभिर तेज सुवेदीको घर हुँदै जनकल्याण स्कुल बाटो
  - महभिर आनन्दटोल तिल्केनी मोड सडक
  - महभिर मार्से खुलालगाउँ ठुटेबर सडक
- ठुटेबर केन्द्रित बाटोहरू
  - ठुटेबर टारगाउँ माइखोला सडक
  - ठुटेबर माइखोला सोयाङ्ग सडक
  - ठुटेबर घोषगाउँ बरबोटे सडक
- जोरधारा केन्द्रित बाटोहरू
  - जोरधारा बीपीमार्ग तोरीबारीखोल्सी सडक
  - जोरधारा सेतीदेवीमार्ग पुवाखोला सडक
  - जोरधारा बालनगाउँ ताक्देन पुवाखोला सडक

- ओपीधारा केन्द्रित बाटोहरू
  - ओपीधारा दुपादेवी बालनगाउँ सडक
  - ओपीधारा पिपलबोटे चुरेघाँटी सडक
  - ओपीधारा लोसेआ आदर्शनगर सडक
  - ओपीधारा शिखरनगर गढीथुम्का सडक
  - ओपीधारा सनसारीडाडा श्रमिकमार्ग सडक
- गढीथुम्का केन्द्रित बाटोहरू
  - गढीथुम्का श्रमिकमार्ग भालुढुंगा चुरेघाँटी सडक
  - गढीथुम्का पिपलबोटे पंचकन्या मार्ग सडक
  - गढीथुम्का कारागारछेउ पिपलबोटे सडक
- कुलधारा केन्द्रित बाटोहरू
  - कुलधारा गौतमबुद्ध सभागृह नारायणगोपाल मार्ग
  - कुलधारा मेची राजमार्ग सडक
  - कुलधारा झ्याङ्कुरेखोल्सी सोल्जर्सबोर्ड सुन्तलाबारी सडक
  - कुलधारा सडक कार्यालय सुन्तलाबारी तिल्केनीमोड सडक
- सिंहबाहिनी खोल्सी कलभर्ट केन्द्रित बाटोहरू
  - सिंहबाहिनी खोल्सी पाटनेगाउँ राजमार्ग सडक
  - सिंहबाहिनी खोल्सी रिङ्गरोड पोखरी स्कुल फुलगाछी सडक
  - सिंहबाहिनी खोल्सी हेरिटेज स्कुल गोलबस्ती सडक
- अवालेगोलाइ केन्द्रित बाटोहरू
  - अवालेगोलाइ बिसहाते सडक
  - अवालेगोलाइ अठारे सडक
- भगवती स्कुल केन्द्रित बाटोहरू
  - भगवती स्कुल नमुना मार्ग राजमार्ग सडक
  - भगवती स्कुल इन्टेक बाटो थिङ्गाउँ सडक

## अनुसूची ४
## भैपरी/आर्थिक सहायतासम्बन्धी

- आर्थिक सहायता शीर्षकबाट सहयोग उपलब्ध गराउँदा रु १००।०० देखि ३००।०० दिने नीति लिइनेछ ।
- चिकित्सकको प्रेस्कृप्सनअनुसार स्वास्थ्योपचारको लागि बाहिर जानु पर्ने तर आर्थिक स्थिति कमजोर भएका विरामीलाई रु १०००।०० सहयोग गरिनेछ ।
- सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने दलको जिल्ला सम्मेलन/अधिवेशन/भेला प्रशिक्षण कार्यक्रमलाई रु ५००।०० का दरले सहयोग गरिनेछ ।
- सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने दलहरूका भातृ संगठनका जिल्ला सम्मेलन/अधिवेशन/भेला प्रशिक्षण गोष्ठी लगायतका कार्यक्रमहरूलाई रु ३००।०० का दरले सहयोग गरिनेछ ।
- अन्य राजनैतिक दलका जिल्ला सम्मेलन/भेलालाई रु ३००।०० सहयोग गरिनेछ ।
- दलित/जनजाति/महिला/विद्यार्थी/अपाङ्ग/शैक्षिक भ्रमण/मजदुर/साइकल ऱ्याली/सांस्कृतिक कार्यक्रमहरूको केन्द्रीयस्तरको कार्यक्रमको लागि रु ५००।०० र जिल्ला तथा नगरस्तरीय कार्यक्रमको लागि रु ३००।०० मात्र सहयोग गरिनेछ ।
- शिक्षक/कर्मचारी/प्राध्यापक/वकिल लगायत पेशागत संगठनहरूको केन्द्रीय तथा जिल्ला भेलालाई रु ५००।०० सम्म सहयोग गरिनेछ ।
- नगरपरिषद्बाट वितरण गरिने भैपरी आर्थिक सहयोगको यस वर्ष छुट्याएको रकम समाप्त भएपछि यसरी दिइने रकम स्वतः बन्द हुनेछ ।
- नगरपालिकाअन्तर्गत प्रकोप उद्धार कोष, नगरपालिका साझेदारी विकास कोष, स्वास्थ्य सामुदायिक कोष, आकस्मिक कोष, वातावरण कोष, महिला स्वयम्सेविका कोष, कर्मचारी कल्याण कोष र मर्मतसम्भार कोष जग्गा आवश्यक कोषहरूमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।